# आइएसइआर-नेपाल

सामाजिक तथा वातावरणीय अनुसन्धान संस्था-नेपाल




## सामाजिक तथा वातावरणीय अनुसन्धान संस्था-नेपाल

फूलबारी, चितवन

# विषय सूची


| | |
|---|---|
| दुई शब्द | २ |
| १. संस्थाको परिचय | ४ |
| २. अनुसन्धान | ५ |
| २.१ अध्ययन क्षेत्र र नमुना | ५ |
| २.२ सामाजिक अनुसन्धान तथा नतिजा | ६ |
| २.२.१ चितवन उपत्यकाको पारिवारिक अध्ययनको पुनर्सर्भेक्षण | ७ |
| २.२.३ अन्वेषणात्मक अध्ययन र अनुसन्धान | १७ |
| २.३ वातावरणीय अनुसन्धान कार्यक्रमहरु | २७ |
| २.३.१ कृषि तथा भू-उपयोगसम्बन्धी अध्ययन | २७ |
| २.३.२ वनस्पति अध्ययन | २८ |
| २.३.३ दुर्लभ बाघ-मानव बीचको अन्तरसम्बन्धको अध्ययन | ३१ |
| २.३.४. वनपैदावारको उपयोग र उपलब्धताको अध्ययन | ३२ |
| २.३.५. सामुदायिक वनसम्बन्धी अध्ययन | ३४ |
| ३. उत्तरदाताका जिज्ञासा र तिनका उत्तरहरु | ३७ |

# दुई शब्द

यस सामाजिक तथा वातावरणीय अनुसन्धान सस्था-नेपाल (आइएसइआर-नेपाल) द्वारा सञ्चालित कार्यक्रम तथा उपलब्धिहरुका बारेमा अनुसन्धान कार्यक्रममा सहभागी उत्तरदाताहरु, स्थानीय समुदाय, सहयोगी सरकारी तथा गैह्र सरकारी संघसंस्थाहरुलाई सु-सूचित गराउदै जाने संस्थागत प्रतिबद्धताअनुरुप आइएसइआर-नेपालको **अनुसन्धान गतिविधि २०६७** लिएर प्रस्तुत भएका छौं ।

विभिन्न अप्ठ्यारा र चुनौतीहरुका बाबजुद पनि सस्थाको कार्यसम्पादन यस अवधिमा निकै उत्साहजनक र उपलब्धिमूलक रह्यो । विगतमा झै यस अवधिमा पनि सस्थाद्वारा सञ्चालित कार्यक्रमहरु मध्ये अनुसन्धान-कार्यक्रमहरुले नै अग्रता लिएका छन् । अनुसन्धान कार्यक्रम जस्तै तालिम तथा क्षमता अभिवृद्धि र तथ्याङ्कमा आधारित नीति निर्माणको लागि पैरवी र सामुदायिक विकासका कार्यक्रमहरुमा पनि महत्वपूर्ण उपलब्धिहरु भएका छन् । अनुसन्धान-कार्यक्रमतर्फ विगतदेखि सञ्चालनमा रहेका कार्यक्रमहरुको निरन्तरताका साथै थप नयाँ कार्यक्रमहरु पनि सञ्चालन भएका छन् । यी नयाँ कार्यक्रमहरु मध्ये सामाजिक अनुसन्धानतर्फ चितवन उपत्यकाको पारिवारिक अध्ययनको पुनसर्भेक्षण, विचार, अवधारणा र पारिवारिक परिवर्तन अध्ययन, बसाईं-सराई तथा वैदेशिक रोजगार अध्ययन र स्वास्थ्य तथा मानसिक तनाव अध्ययन प्रमुख रहे भने वातावरणीय अनुसन्धानतर्फ दुर्लभ बाघ र मानवबीचको अन्तरसम्बन्धको अध्ययन, वनपैदावारको उपलब्धता र उपयोग तथा सामुदायिक वनको अध्ययनहरु उल्लेखनीय रहेका छन् ।

त्यसैगरी स्थानीय स्तरमा नै उच्चगुणस्तरयुक्त अनुसन्धान गर्ने दक्षता अभिवृद्धि गर्ने उद्देश्य अनुरुप तथ्याङ्क विश्लेषण र अन्तरवार्ता लिने विधिसम्बन्धी तालिमहरु सम्पन्न गरियो । अनुसन्धानमा आधारित नीति-तर्जुमा तथा कार्यक्रम कार्यान्वयन गर्ने पद्धति संस्थागत गर्दै जाने उद्देश्यअनुरुप अनुसन्धानका नतिजाहरुलाई विभिन्न सभा सम्मेलन, कार्यशाला तथा गोष्ठीहरुमा कार्यपत्रका रुपमा प्रस्तुत गर्नुका साथै वैज्ञानिक पत्रपत्रिकाहरुमा प्रकाशन गर्ने काम पनि निरन्तर भैरहेका छन् । साथै, ती नतिजाहरुको उपयोगिताका बारेमा बहस तथा पैरवी गर्नेतर्फ पनि महत्वपूर्ण उपलब्धि भएका छन् । सामुदायिक विकास कार्यक्रमअन्तर्गत पनि विभिन्न समुदायहरुमा बालशिक्षा विकास कार्यक्रम, स्वास्थ्य शिविर तथा वातावरण संरक्षण सम्बन्धी कार्यक्रमहरु उल्लेखनीय रहेका छन् ।

यी सबै उपलब्धिहरु यो सानो पुस्तिकामा समेट्न सम्भव नहुने भएकाले अनुसन्धान कार्यक्रहरुबाट प्राप्त निचोड र काम गर्दा पाइएका अनुभवहरु समावेश गरिएको छ । यस पुस्तिकामा समाविष्ट जानकारीहरु विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा-सम्मेलन, कार्यशाला तथा गोष्ठीहरुमा प्रस्तुत कार्यपत्रहरु, वैज्ञानिक पत्रपत्रिका र पुस्तकहरुमा प्रकाशित लेख रचनाहरुमा आधारित छन् । त्यसैले यी विषयहरुमा विस्तृत जानकारी लिन चाहनुहुने महानुभावहरुले सम्बन्धीत

कार्यपत्र वा वैज्ञानिक पत्रपत्रिकामा प्रकाशित लेख-रचनाहरु नै अध्ययन गर्नुहुन अनुरोध गर्दछौ । ईन्टरनेट सुविधा भएका महानुभावहरुले प्रकाशित लेख रचनाहरु यस संस्थाको वेब साईट www.isernepal.org.np वा http://perl.psc.isr.umich.edu बाट प्राप्त गर्न सक्नुहुने छ । ईन्टरनेट सुविधा नभएका महानुभावहरुले ती लेख-रचनाहरु अध्ययन गर्न चाहनुभएमा यस संस्थाको कार्यालयमा सम्पर्क गर्न अनुरोध गर्दछौं ।

माथि उल्लेखित उपलब्धिहरुमा यस संस्थाको साथसाथै संस्थाका कार्यक्रमहरुमा निरन्तर रुपमा सहभागी उत्तरदाता, स्थानीय जनसमुदाय, सहयोगी र सरकारी तथा गैह्र-सरकारी संस्था, शुभचिन्तक महानुभावहरुका प्रेरणा, सहयोग र शुभेच्छाको उत्तिकै महत्वपूर्ण भूमिका रहेको छ । अत: यस संस्थाका अनुसन्धान कार्यक्रमहरुमा निरन्तर रुपमा सहभागी भई महत्वपूर्ण सहयोग गर्नुहुने आदरणीय उत्तरदाताहरु, स्थानीय समुदाय, सरकारी एवम् गैह्र-सरकारी संघसंस्थाहरु र विश्वविद्यालयहरुलाई हृदयदेखि नै हार्दिक आभार प्रकट गर्दै सहर्ष धन्यवाद व्यक्त गर्न चाहन्छौं । यहाँहरु सबैको सद्भाव, सहयोग र सहभागितावाट मात्र यी उपलब्धिहरु हासिल गर्न सम्भव भएको हो ।

अन्तमा आगामी दिनहरुमा पनि आदरणीय उत्तरदाताहरु, सहयोगी सरकारी तथा गैह्र-सरकारी संघसंस्थाका साथै शुभचिन्तक महानुभावहरुबाट निरन्तर सहयोगको अपेक्षा गर्दै सबैमा हृदयदेखि नै हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छौं ।

# १. संस्थाको परिचय

यस सामाजिक तथा वातावरणीय अनुसन्धान संस्था-नेपाल, स्थानीय ज्ञान र सीपलाई व्यवहारमा रुपान्तरण गरी मानव-जीवन र वातावरणीय अवस्थामा सुधार ल्याउन समर्पित एक अनुसन्धान र विकासमूलक संस्था हो । उच्च गुणस्तरीय वैज्ञानिक अनुसन्धान पद्धतिद्वारा सामाजिक तथा वातावरणीय क्षेत्रहरुमा मुलुकले भोगीरहेका चुनौती, समस्या, समाधानका उपाय सहित विकासका सम्भावनाहरुको पहिचान र समाधान गर्न सहयोग पु्याउने उद्देश्यले वि.सं. २०५७ सालमा यस संस्थाको स्थापना भएको हो । यस संस्थाका सम्पूर्ण कार्यक्रमहरु उच्च गुणस्तरयुक्त अनुसन्धानबाट प्राप्त तथ्य र नतिजामा आधारित नीति-तर्जुमा तथा विकास निर्माण-प्रक्रियालाई संस्थागत गर्ने उद्देश्यले अभिप्रेरित छन् । यसका लागि सामाजिक परिवेश, वातावरणीय अवस्था र वस्तुगत आवश्यकता अनुरुपका अनुसन्धान कार्यक्रमको अवधारणा र प्रस्तावना तयार गरी विभिन्न संघसंस्था, समुदाय र व्यक्तिहरुसँगको सहकार्य र सहयोगमा अनुसन्धान कार्यक्रमहरु सञ्चालन गर्ने र त्यसबाट प्राप्त तथ्याङ्क, नतिजा तथा निष्कर्षहरुको आदान-प्रदान, अन्तरक्रिया र पैरवीमा विशेष जोड दिने गरिन्छ ।

यसैक्रममा यस संस्थाले स्थापनाकालदेखि नै विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुसँगको सहकार्य र सहयोगमा विभिन्न सामाजिक तथा वातावरणीय परिवर्तन, ती परिवर्तनहरुबीचको अन्तरसम्बन्ध र प्रभावका बारेमा अध्ययन अनुसन्धान र ती अध्ययनका निष्कर्षमा आधारित सामाजिक विकासका कार्यक्रम तथा क्षमता अभिवृद्धि कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । यस संस्थाद्वारा सञ्चालित अनुसन्धानलगायत अन्य सबै कार्यक्रमहरुको विस्तृत जानकारी यस सानो पुस्तिकामा समावेश गर्न सम्भव नभएकाले हामीले अध्ययन अनुसन्धानका मुख्य-मुख्य कार्यक्रमहरु र त्यसमा पनि अध्ययन अनुसन्धानबाट प्राप्त नतिजा र निष्कर्षहरुमा बढी केन्द्रित भएका छौं ।

**परिकल्पना**

**उच्च गुणस्तरयुक्त अनुसन्धानमा आधारित नीति निर्माण, योजनातर्जुमा र कार्यक्रम कार्यान्वयन गर्ने**

**लक्ष्य**

**उच्च गुणस्तरयुक्त अनुसन्धान, विकास-नीति तथा योजना निर्माणका लागि पैरवी र उपयुक्त दिगो विकासका कार्यक्रम कार्यान्वयन गर्ने क्षमताको विकास गर्ने**

**कार्यनीति**

**यस संस्थाका कार्यक्रमहरु त्रिपक्षीय अनुसन्धान-क्षमता अभिवृद्धि-पैरवी तथा कार्यक्रम कार्यान्वयन पद्धतिबाट निर्देशित हुने गर्दछन् ।**



# २. अनुसन्धान

यस संस्थाद्वारा सञ्चालित अनुसन्धान कार्यक्रमहरु सामाजिक, आर्थिक, राजनैतिक परिवेश र वातावरणीय अवस्थामा द्रुततर गतिमा भैरहेका परिवर्तनहरु, ती परिवर्तनहरुबीचको अन्तरसम्बन्ध र तिनका प्रभावहरुका बारेमा अध्ययन गर्ने उद्देश्यबाट अभिप्रेरित छन् । यस्ता परिवर्तनहरु र ती परिवर्तनहरुबीचका अन्तरसम्बन्धहरु गतिशील प्रक्रिया भएकाले तिनका प्रभावहरुका बारेमा क्रमवद्ध रुपमा लामो समयसम्म अध्ययन गरिनुपर्दछ । त्यसका लागि अध्ययनको उद्देश्य र प्रकृतिअनुसार वैज्ञानिक विधिको उपयोग गरी अनुसन्धान गरिने इकाईको (जस्तै टोल, समुदाय, घरधुरी, व्यक्ति, सामुदायिक वन, तथा सार्वजनिक स्थलहरु) छनौट गरी लामो समयसम्म लगातार एकै अनुसन्धान इकाईबाट एकै किसिमका वैज्ञानिक पद्धति अपनाएर जानकारी सङ्कलन गरिरहनु पर्ने हुन्छ । यस्ता अध्ययन अनुसन्धानहरु लगातार रुपमा लामो समयसम्म सञ्चालन गरिरहनु पर्ने हुदा र यसका लागि वैज्ञानिक दक्षता, सीप, समय, साधन र स्रोत आवश्यक हुने भएकाले यस्ता अध्ययन अनुसन्धानहरु गर्न निकै कठिन र खर्चिला हुन्छन् र पटक पटक वा धेरै ठाउँमा गरिरहन सम्भव हुदैन । अत: ऐतिहासिक पृष्ठभूमि, सामाजिक, आर्थिक, राजनैतिक परिवेश र भौगोलिक तथा वतावरणीय अवस्थालाई मनन गर्दै पश्चिम-चितवनलाई अध्ययन क्षेत्रको रुपमा छनौट गरी विगत १५ वर्षदेखि विभिन्न अध्ययन अनुसन्धान कार्यक्रमहरु सञ्चालन गर्दै आईरहेका छौं ।

**मान्यता**


**यस संस्थाका कार्यक्रमहरु सामाजिक तथा वातावरणीय महत्व र शैक्षिक उपादेयतालाई ध्यानमा राखेर मात्र सञ्चालन गरिन्छ ।**

## २.१ अध्ययन क्षेत्र र नमुना

यस संस्थाबाट सञ्चालन भएका अनुसन्धान कार्यक्रमको लागि तलको नक्सामा देखाए अनुसार चितवन जिल्लाको पश्चिमी भाग अर्थात् उत्तर-पश्चिममा नारायणी नदी, दक्षिण-पश्चिममा चितवन राष्ट्रिय निकुञ्ज र राप्ती नदी र पूर्वमा पूर्व-पश्चिम राजमार्ग भित्रका १२ वटा गाउँ विकास समिति र भरतपुर नगरपालिकाको केही भाग अध्ययन क्षेत्रको रुपमा समावेश गरिएको छ । वनस्पति अध्ययनका लागि माथि उल्लेखित क्षेत्रका सार्वजनिक जमिन र गौचरन, बरण्डाभार वन, चितवन राष्ट्रिय निकञ्जको वन र नारायणी नदी किनारका वनहरु अध्ययन क्षेत्र अन्तर्गत पर्दछन् ।

सामाजिक अध्ययन अनुसन्धान कार्यक्रमका लागि पश्चिम चितवनको जनसंख्याको समानुपातिक प्रतिनिधित्व हुनेगरी पूर्णवैज्ञानिक पद्धतिबाट नमुना छनौट गरिएको छ । अत: सबै वर्ग, लिङ्ग, जातजाती र भाषाभाषिका बासिन्दाहरुको प्रतिनिधित्व हुने गरी तलको नक्सामा देखाए

जस्तो अध्ययन क्षेत्रभित्र १७१ वटा नमुना टोलहरु छनौट गरी ती टोलभित्र अवस्थित घरधुरी र ती घरधुरीहरुमा बसोबास गर्ने व्यक्तिहरु तथा वहांहरुका परिवारका सदस्यहरु अध्ययनका लागि




छानिनुभएको छ । त्यसैगरी वातावरणीय तथा वनस्पति अध्ययनका लागि बरण्डाभार वन, चितवन राष्ट्रिय निकुञ्ज, घाँसे मैदान, नारायणी नदी किनारका वनहरु र सार्वजनिक जग्गा तथा गौचरन गरी जम्मा २६५ प्लटहरु बनाई जानकारी सङ्कलन गरिन्छ । यस संस्थाबाट सञ्चालित सामाजिक तथा वातावरणीय अध्ययनहरु र नतिजाहरु छोटकरीमा तल वर्णन गरिएको छ ।

## २.२. सामाजिक अनुसन्धान तथा नतिजा



दिगो तथा प्रभावकारी विकासका लागि सामाजिक अनुसन्धानको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ । यसर्थ, यसै महत्वलाई ध्यानमा राखी सामाजिक, आर्थिक, राजनैतिक परिवेश र पारिवारिक जीवन तथा यिनीहरुबीचको अन्तरसम्बन्धको बारेमा अध्ययन गर्ने उद्देश्यले २०५२ सालदेखि विभिन्न किसिमका सामाजिक

अनुसन्धान कार्यक्रमहरु सञ्चालन भैरहेका छन् । यस अन्तर्गत जनसांख्यीक प्रक्रियामा हुने परिवर्तनहरु जस्तै: जन्म, मृत्यु, विवाह, परिवार नियोजन, बालबच्चा, वृद्धवृद्धा, बसाईं-सराई, पारिवारिक सम्बन्धका साथसाथै यस्ता कुराहरुमा आउने परिवर्तनले सामाजिक जीवनमा पार्ने प्रभावहरुको अध्ययन गरिन्छ । हालसम्म सञ्चालित मुख्य-मुख्य सामाजिक अनुसन्धान कार्यक्रमहरु र त्यसबाट प्राप्त नतिजाहरु संक्षेपमा तल प्रस्तुत गरिएका छन् ।

## २.२.१ चितवन उपत्यकाको पारिवारिक अध्ययनको पुनर्सर्भेक्षण

चितवन उपत्यकाको पारिवारिक अध्ययनको पहिलो चरणको सर्भेक्षण २०५३ सालमा सम्पन्न भएको थियो । यस अध्ययनअन्तर्गत पश्चिम चितवनमा भएका सामाजिक, आर्थिक, र भौतिक अवस्थाको परिवर्तन जस्तै: छनौटमा परेका टोलहरुमा विभिन्न सरसुविधाहरुको उपलब्धता र ती सरसुविधामा भएका परिवर्तनहरुको बारेमा पात्रो पद्धति अपनाएर ती टोलहरुबाट जानकारी सङ्कलन गरिएको थियो । त्यसैगरी पश्चिम चितवन बसोबासका लागि खुला भएदेखि २०५३ सालसम्म स्थापना भएका संघसंस्था र सरसुविधाहरु जस्तै: स्कुल, स्वास्थसेवा, सडक, यातायात, सञ्चार, बजार, बैंक, सहकारी र विकासका कार्यक्रमहरुबाट पनि ती संघसंस्था तथा सरसुविधामा भएका परिवर्तनहरुको बारेमा पनि पात्रो पद्धतिद्वारा जानकारी सङ्कलन गरिएको थियो ।

**मान्यता**

यस संस्थाले उत्तरदाताका व्यक्तिगत गोपनियता र मानव अधिकारलाई उच्च प्राथमिक्ता दिन्छ । यहाँबाट सञ्चालित कार्यक्रमहरुका प्रत्येक चरणमा व्यक्तिगत गोपनियता र मानव अधिकारको संरक्षण गरिन्छ ।

यसैक्रममा नमुना छनोटमा परेका टोलहरुभित्रका सबै घरधुरीहरुबाट घरधुरी विवरण र पारिवारिक सम्बन्ध (नाता) सम्बन्धी जानकारी सङ्कलन गरिएको थियो । साथै ती घरधुरीहरुमा बसोबास गर्ने १५ वर्षदेखि ५९ वर्ष उमेर पुगेका घरधुरी सदस्य र उहाँहरुका दम्पतिहरुसंग जीवन पात्रो र प्रश्नावलीको माध्यमद्वारा व्यक्तिगत जानकारी सङ्कलन गरिएको थियो । विशेषत: जीवन पात्रोमा जीवनभरिका व्यक्तिगत अनुभव र घटनाहरुका बारेमा वस्तुगत जानकारीहरु जस्तै: जन्मेदेखि २०५३ सालसम्मको बसोबास वा बसाईसराई, वैवाहिक अनुभव (विवाह भएको मिति, पटक, दम्पती र दम्पतीसँगको बसोबासको स्थिति), सन्तान उत्पादन स्थिति, छोराछोरीहरुको विवरण, परिवार नियोजनका साधनको प्रयोग, अध्ययन,

**मान्यता**

यस संस्थाद्वारा सञ्चालित अध्ययनका उपलब्धीहरु बिभिन्न पुस्तक, पत्र-पत्रिका, जर्नल, सभा सम्मेलन तथा विश्वविद्यालयहरुमा अध्ययन अध्यापन मार्फत देश भित्र वा विदेशमा उपलब्ध गराईनेछ ।

पेशा र रोजगारसम्बन्धी जानकारी सङ्कलन गरिएको थियो । पात्रो पद्धतिबाट सङ्कलित जानकारीमा अनुभव गरिएका वा घटनाहरु भएको निश्चित समय वा समयावधि रेकर्ड हुने हुँदा कारक र कारण, अर्थात कुन घटनाले कुन घटनालाई असर पारेको हो (जस्तै: विवाह भएको कारणले पढाई छोड्नु परेको हो वा पढ्न छोडेकोले विवाह भएको हो) भन्ने कुरा निश्चित गर्न मद्दत पुग्दछ ।

प्रश्नावली खण्डको अन्तरवार्तामा भने माथि उल्लेख गरिएका विषय र अन्य जीवन शैली, रहनसहन, बसाईसराई, वैवाहिक जीवन, छोराछोरीको चाहना, परिवार नियोजन, श्रीमान श्रीमती (दम्पती) बीचको सम्बन्ध, पारिवारिक संरचना र सम्बन्धजस्ता कुराहरुमा मानिसहरुको व्यक्तिगत विचार, सोचाई, आकांक्षा र धारणासम्बन्धी जानकारीहरु सङ्कलन गरिएको थियो । यसको अतिरिक्त, उत्तरदाताहरुको बाल्यकालको सामाजिक परिवेशसम्बन्धी जानकारीहरु पनि सङ्कलन गरिएको थियो ।

यस अध्ययनको प्रमुख उद्देश्य पश्चिम चितवनमा द्रुततर गतिमा भईरहेका सामाजिक, आर्थिक र भौतिक सरसुविधामा भएका परिवर्तनहरु अद्यावधिक र अभिलेखीकरण गर्नु र ती परिवर्तनहरुले यहाँका बासिन्दाहरुका जीवनशैली, रहनसहन, बसाईसराई, पारिवारिक संरचना अनि सम्बन्ध र मानिसहरुका विचार, सोचाई, आकांक्षा र धारणामा के-कस्ता प्रभाव पारेको छ वा परिवर्तन आएको छ भन्ने अध्ययन गर्नु हो । अत: २०५३ सालदेखि यता भएका परिवर्तनहरु र ती परिवर्तनहरुका प्रभाव अध्ययन गर्न चितवन उपत्यकाको पारिवारिक अध्ययन २०५३ को पुन: जानकारी सङ्कलन गर्ने कार्य सम्पन्न भएको छ । तर यो पुन: जानकारी सङ्कलन भने आर्थिक अभावका कारण सबै १७१ वटै नमुना टोलहरुबाट नभई १५१ टोलहरुबाट मात्र गरिएको छ ।

## भौतिक सरसुविधाको अवस्था र परिवर्तन


**मान्यता**

यस संस्थाले गोप्य, निश्चित व्यक्ति वा नाफा कमाउने संघ संस्था वा कम्पनिहरुका लागि कुनै अध्ययन गर्नेछैन ।

मानिसको जीवनशैली, व्यवहार, सोचाई तथा विचारमा सामाजिक परिवेश र भौतिक सरसुविधाको महत्वपूर्ण भूमिका हुन्छ । पश्चिम चितवन बसोवासका लागि खुला गरिए यता भौतिक सरसुविधाको विकास के कसरी भयो भन्ने अध्ययन गर्न छरछिमेक पात्रोको अन्वेषण तथा प्रयोग गरी ती भौतिक सरसुविधाका बारेमा नमुना टोलहरुबाट पहिलो पटक २०५२ सालमा र दोस्रो पटक २०६० सालमा जानकारी सङ्कलन गरिएको थियो । २०५२ सालमा जानकारी सङ्कलन गर्दा २०११ सालदेखि २०५२ साल सम्म प्रत्येक वर्षमा विभिन्न सरसुविधाहरु स्कुल, स्वास्थ्यसेवा, सडक, यातायात, सञ्चार, बजार, बैंक, सहकारी संस्था र विकासका कार्यक्रमहरु नमुना टोलबाट कति टाढा थिए वा ती सरसुविधाहरुमा हिंडेर पुग्न कति समय लाग्थ्यो भन्ने जानकारी सङ्कलन गरिएको थियो । २०६०

सालमा जानकारी सङ्कलन गर्दा भने २०५३ सालदेखि २०६० सालसम्मको जानकारी अद्यावधिक ( प्रत्येक वर्षमा यी सरसुविधाहरु कति टाढा थिए वा हिडेर पुग्न कति समय लाग्थ्यो भन्ने जानकारी सङ्कलन) गरिएको थियो । यसरी सङ्कलन गरिएका जानकारीबाट पश्चिम चितवनमा भएका भौतिक परिवर्तनहरुको आँकलन गर्न सकिन्छ । तलको चित्रमा चितवनमा भएका भौतिक सरसुविधाहरुमा भएका परिवर्तनहरु प्रस्तुत गरिएको छ ।

यस चित्रको वायाँतिर अर्थात ठाडोतिर टोलबाट नजिकको सरसुविधा जस्तै: स्कुल, स्वास्थसेवा, बस स्टप, बजार, रोजगार दिने संस्था र बैंकमा नमुना टोलहरुबाट हिंडेर जांदा लाग्ने सरदर समय मिनेटमा दिइएको छ र तेर्सोतिर भने वर्ष (२०११ देखि २०६० साल) राखिएको छ । यस चित्रलाई सरसर्ती हेर्दा शुरुका वर्षहरुमा (२०११ सालतिर) यी सरसुविधाहरुमा हिंडेर पुग्न धेरै समय लाग्थ्यो तर, पछि भने यी सरसुविधाहरु द्रुततर गतिमा विस्तार भएकोले नजिकको सरसुविधामा हिंडेर पुग्न लाग्ने समय घटेको देखिन्छ अर्थात यी सरसुविधाहरु नजिक हुदैगएको देखिन्छ । जस्तो कि २०१३ सालमा नमुना टोलहरुबाट नजिकको स्कुलमा हिडेर जांदा





६० मिनेट (१ घण्टा) भन्दा बढी समय लाग्ने देखिन्छ भने २०४५ सालमा यो समय घटेर टोलबाट नजिकको स्कुलमा करिब १० मिनेटमा पुग्न सकिने देखिन्छ । तर त्यसपछि भने नजिकको स्कुलमा हिडेर जाँदा लाग्ने समयमा खासै परिवर्तन भएको देखिदैन । यहाँ प्रस्तुत गरिएको जानकारी (नजिकको स्कुलमा हिंडेर जाँदा लाग्ने समय) पश्चिम चितवनको समानुपातिक प्रतिनिधित्व हुनेगरी छानिएका १७१ वटा नमूना टोलबाट सङ्कलन गरिएको जानकारीको औसत समय हो । अत: यो जानकारी अनुसार २०४५ सालमा सबै टोलबाट नजिकको स्कुलमा हिंडेर

पुग्न १० मिनेट लाग्छ भन्ने नभइ कतिपय टोलबाट नजिकको स्कुल पुग्न १० मिनेटभन्दा बढी समय लाग्छ भने कतिपय टोलबाट नजिकको स्कुल पुग्न १० मिनेटभन्दा कम समय लाग्छ ।

विभिन्न भौतिक सरसुविधाहरुको उपलब्धता, सहजता वा निकटताको साथसाथै ती भौतिक सरसुविधाको गुणात्मक अवस्थामा भएको परिवर्तनको अध्ययन गर्न पश्चिम चितवनमा बसोबासको लागि खुलेदेखि २०५२ सालसम्म स्थापना भएका स्कुल, स्वास्थ्यसेवा, बैंक, बस वा सार्वजनिक यातायात सेवाहरुको विस्तृत सूचीकृत गरिएको थियो । प्रत्येक सरसुविधा कहिले, कसको सक्रियतामा, कसरी स्थापना गरियो तथा स्थापना भएदेखि २०५२ सालसम्म प्रत्येक वर्ष ती सरसुविधामा भएको परिवर्तनहरुका बारेमा पात्रो र प्रश्नावलीको माध्यमद्वारा जानकारी सङ्कलन गरिएको थियो । यी सरसुविधाहरुको बारेमा जानकारी सङ्कलन गर्दा सञ्चालनमा भईहेका संघसंस्था वा सरसुविधा भए सम्बन्धीत संघसंस्था वा सरसुविधाकै अभिलेख र कार्यरत पदाधिकारीहरुसंगको अन्तरवार्ताद्वारा जानकारी सङ्कलन गरिएको थियो । तर कुनै समयमा स्थापना भई जानकारी सङ्कलनको समयमा बन्द भैसकेका संघसंस्था वा सरसुविधाहरुको हकमा भने जिल्लास्थित सम्बन्धीत संघसंस्था र सरसुविधाहरु बन्द भएका कार्यालयमा भएका अभिलेख र सञ्चालन भएकाबखत कार्यरत पदाधिकारीहरु, सञ्चालक समितिका पदाधिकारीहरु तथा सञ्चालकहरु र अन्य सम्बधित व्यक्तिहरुसँगको अन्तरवार्ता मार्फत जानकारी सङ्कलन गरिएको थियो । २०६० सालमा यही जानकारी सङ्कलन पद्धति जस्ताको त्यस्तै दोहोऱ्याएर, २०५३ देखि २०६० सालसम्मको जानकारी अद्यावधिक गरिएको छ । उदाहरणस्वरुप तल शिक्षा र स्वास्थ्य सेवामा भएको विस्तारको बारेमा संक्षिप्त जानकारी प्रस्तुत गरिएको छ ।

**मान्यता**

**यस संस्थाद्वारा सञ्चालित कार्यक्रमहरु अनुसन्धानमा आधारित नीति तर्जूमाको पक्षमा पैरवी, कानुनी परामर्श सेवा, महिला, दलित तथा अन्य उत्पीडित समूदायहरुको सशक्तिकरण, मानवअधिकार, बालअधिकार, लैङ्गिक र जातीय समानता तथा यस सम्वन्धी चेतनामूलक कार्यक्रमहरुमा केन्द्रित हुनेछन् ।**




पश्चिम चितवन बसोबासको लागि खुला भएदेखि यता शिक्षा तथा स्वास्थ्य सेवामा द्रुततर गतिमा विस्तार भएको देखिन्छ । शिक्षातर्फ सबैभन्दा पहिले २०११ सालमा नारायणगढ र साझापुरमा एक-एक वटा स्कुल स्थापना भई औपचारिक शिक्षाको शुरुवात भएको देखिन्छ । स्वास्थ्य सेवा भने दुई वर्षपछि २०१३ सालमा नारायणगढमा एउटा निजी आयुर्वेदिक औषधालय र सरकारी स्तरमा हालको जिल्ला प्रहरी कार्यालयको अगाडि भरतपुर हेल्थ सेन्टरको नामवाट सञ्चालन भएको देखिन्छ । चित्रमा देखाएजस्तै स्कुलको स्थापनाको क्रम शुरुदेखि नै एकनासले निरन्तर रुपमा विस्तार भएको देखिन्छ तर स्वास्थ्य सेवाको विस्तार २०३५ सालभन्दा अगाडि निकै कम विस्तार भएता पनि त्यसपछि भने स्वास्थ्य सेवाको विस्तार द्रुततर गतिमा भई २०६१ सालसम्म आईपुग्दा स्वास्थ्य सेवाको संख्या स्कुलको संख्या भन्दा बढी देखिन्छ । यो तथ्याङ्कलाई हेर्दा पश्चिम चितवनमा शिक्षा र स्वास्थ्य सेवामा उल्लेख्य विकास भएको देखिन्छ । यहाँ स्कुलहरु भन्नाले सबै सरकारी र निजी स्वामित्व भएका स्कुल र क्याम्पसहरुलाई समावेश गरिएको छ । यसमा भाषा तालिम र ट्युसन सेन्टरहरु समावेश गरिएको छैनन् । त्यसैगरी, स्वास्थ्य सेवा भन्नाले मानिसको स्वास्थ्य उपचारमा सहयोग पुऱ्याउने सघंसस्था तथा सेवा जस्तै: सरकारी तथा निजी क्षेत्रद्वारा सञ्चालित अस्पताल, हेल्थपोष्ट, क्लिनिक, स्वास्थ्य केन्द्र, औषधी पसल, औषधालय, वैद्य, आदिलाई समावेश गरिएको छ भने झारफुक गर्ने धामी झाँक्री र गुरौहरुलाई यसमा समावेश गरिएको छैन ।


## व्यक्तिगत अन्तरवार्ता पुनर्सर्भेक्षण

व्यक्तिगत अन्तरवार्तातर्फ २०५३ सालमा प्रयोग गरिएका प्रश्नावली र जीवन पात्रोमा केही सामान्य संशोधन/परिवर्तन गरी २०५३ सालमा व्यक्तिगत अन्तरवार्तामा सहभागी हुनु भएका उत्तरदाताहरुसँग २०६६ सालमा पुन: व्यक्तिगत अन्तरवार्ता लिईएको छ । यो अन्तरवार्ता लिदा प्रश्नावली र जीवन पात्रोमा दोहोऱ्याएर सोध्नु नपर्ने खण्डहरु जस्तै: उत्तरदाताको बाल्यकाल सम्बन्धी जानकारी, बाबुआमा सम्बन्धी, २०५३ साल अघि विवाहित र बन्ध्याकरण गरी सक्नुभएका उत्तरदाताहरुलाई विवाह, दम्पती छान्ने, वा परिवार नियोजन सम्बन्धी पुरै खण्ड वा केही प्रश्नहरु हटाईएको छ । त्यसैगरी जीवन पात्रोमा पनि परिवार नियोजन सम्बन्धी खण्ड हटाईएको छ भने बसोबास, शिक्षा र रोजगार खण्डमा सामान्य परिवर्तन गरी २०५४ सालदेखि यताको जानकारी मात्र सङ्कलन गरिएको छ । २०५३ सालमा जानकारी लिइएकै उत्तरदाताहरुसँग पहिला प्रयोग गरिएकै पद्धति अपनाएर पहिलाकै प्रश्नहरु दोहोऱ्याउंदा मानिसहरुको जीवनशैली, व्यवहार र विचार, मान्यता आस्था, विश्वास अवधारणा र आकांक्षामा के-कस्ता परिवर्तनहरु भैरहेका छन् त भन्ने अध्ययन गर्न सम्भव हुन्छ । हुन त: यस सर्भेक्षणद्वारा सङ्कलित जानकारी र तथ्याङ्कहरु भर्खर-भर्खर मात्र पञ्जीकरण र विश्लेषणका लागि तयार भएका छन् । तर पनि प्रारम्भिक तथ्याङ्कहरुलाई हेर्दा परिवर्तनको क्रम र गति अत्यन्तै चाख लाग्दो देखिन्छ ।


पहिलो उदाहरणस्वरुप यहाँ विवाह गर्ने उमेरसम्वन्धी उत्तरदाताहरुको धारणामा के-कस्तो परिवर्तन भएको रहेछ भन्ने कुरा प्रस्तुत गरेका छौ । २०५३ सालमा जस्तै: २०६६ सालमा पनि उत्तरदाताहरुसँग आजकलका केटा केटीको विहे कति वर्षको उमेरमा गरे राम्रो होला भनेर प्रश्न सोधिएको थियो । जसअनुसार चित्रमा देखाए जस्तै २०५३ सालमा केटी र केटाको बिहे क्रमश: २० र २४ वर्षमा हुनु राम्रो हुन्छ भन्ने धारणा रहेकोमा २०६६ सालमा २१ र २६ वर्षमा हुनु राम्रो हुन्छ भन्ने धारणा रहेको पाइएको छ । यसअनुसार २०५३ सालको तुलनामा २०६६ सालमा पश्चिम चितवनका बासिन्दाहरुको विवाह गर्ने उपयुक्त उमेरसम्बन्धी धारणामा केटीहरुको लागि १ वर्ष र केटाहरुको लागि २ वर्षले बढेको देखिन्छ । हालको विवाह भएको औसत उमेरको (केटीको २० वर्ष र केटाको २२ वर्ष) सन्दर्भमा पश्चिम चितवनका बासिन्दाहरुमा अहिलेभन्दा ढिलो विवाह गर्नुपर्दछ भन्ने धारणा रहेको पाइयो ।





यसलाई नै अविवाहित उत्तरदाताको शिक्षा अनुसार विश्लेषण गरेर हेर्दा धेरै पढेका व्यक्तिहरुमा ढिलो विहे गर्ने चाहना हुने गरेको पाइएको छ । माथिको चित्रमा देखाइए जस्तै १० कक्षासम्म पढ्नुभएका केटीहरुले २४ वर्ष र केटाहरुले २५ वर्षको उमेरमा विहे गर्ने चाहना राख्नुभएको पाइयो भने १० कक्षाभन्दा बढी पढ्नुभएका केटीहरुले २५ वर्ष र केटाहरुले २८ वर्षमा विहे गर्ने चाहना राख्नुभएको पाइयो ।



दोस्रो उदाहरणस्वरुप यहाँ बच्चा-बच्ची पाउने चाहनामा उत्तरदाताहरुको धारणा के-कस्तो परिवर्तन भएको रहेछ भन्ने कुरा प्रस्तुत गरेका छौं । तपाईँले चाहेजति मात्र छोराछोरी पाउन सक्ने भए, कति जना छोराछोरी पाउनुहुन्थ्यो भनेर सोधिएको प्रश्नको जबाफमा चित्रमा देखाएजस्तै विवाहित उत्तरदाताहरुले २०५३ सालमा औसत २.६ जना र अविवाहित उत्तरदाताहरुले २.२ जना छोराछोरीको चाहना राख्नु भएकोमा २०६६ सालमा क्रमशः २.४ र २ जना छोराछोरीको चाहना राख्नु भएको पाइएको छ । यसरी हेर्दा २०५३ सालको तुलनामा २०६६ सालमा पश्चिम चितवनका बासिन्दाहरुले कम छोराछोरी पाउने चाहना राख्नु भएको पाइएको छ ।




यसैगरी, घरपरिवारको कामकाजको निर्णय कसले गर्ने भन्ने विषयमा उत्तरदाताहरुको धारणा बुझ्न २०५३ साल र २०६६ सालमा "घरपरिवारमा मुख्य-मुख्य काम के गर्ने भन्ने कुरा घरको लोग्ने मान्छेले नै गर्नुपर्छ" भन्ने भनाइमा तपाई कत्तिको सहमत हुनुहुन्छ भनेर सोधेका थियौं । जसअनुसार चित्रमा देखाईएजस्तै २०५३ सालमा ५९.४ प्रतिशत महिला र ६३.९ प्रतिशत पुरुषहरु यस कुरामा सहमत हुनुहुन्थ्यो भने २०६६ सालमा यस्तो धारणा राख्ने मानिसहरुको प्रतिशत उल्लेख्य रुपमा घटेको पाइएको छ । २०५३ सालमा यो कुरामा सहमत हुनेहरुमा पुरुषहरु बढी हुनुभएकोमा २०६६ सालमा महिला र पुरुष बराबरै जसो र त्यसमा पनि महिलाको तुलनामा पुरुषहरु ०.४ प्रतिशतले कम सहमत हुनुभएको पाइएको छ ।



## घरधुरी घटना दर्ता कार्यक्रम

पश्चिम चितवनमा भैरहेका सामाजिक परिवर्तन जस्तै: जनसंख्या वृद्धि, पारिवारिक संरचना र बसाईसराई सम्बन्धी परिवर्तनहरु अद्यावधिक गर्ने उद्देश्यअनुरुप घरधुरी घटना दर्ता कार्यक्रम २०५३ साल माघ महिनाबाट शुरु भई हालसम्म निरन्तर रुपमा सञ्चालन भईरहेको छ । यस कार्यक्रमअन्तर्गत नमुना छनौटमा परेका १५१ वटा टोलहरुभित्र रहेका सबै घरधुरीबाट मासिक रुपमा नै घरधुरी सदस्यहरुको बसाईसराई, जन्म, मृत्यु वैवाहिक स्थिति, दम्पती संख्या र गर्भधारण घटना दर्ता गर्ने गरिदै आएको छ । हामीले २०५३ सालमा टोलहरुको छनौट गर्दा प्रत्येक टोलको निश्चित भौगोलिक सीमाङ्कन गरेका छौ र मासिक घरधुरी घटना दर्ता गर्दा त्यस भौगोलिक क्षेत्रभित्र २०५३ सालको अध्ययनमा सहभागी र पछि बस्न आउनुभएका सबैसँग जानकारी सङ्कलन गर्दै आएका छौं । यसले गर्दा पश्चिम चितवनमा भएका बसाईसराई जनसंख्या वृद्धि, पारिवारिक संरचनासम्बन्धी परिवर्तनहरु अध्ययन गर्न सहज हुन्छ । तल नमुना टोलहरुमा घरधुरी संख्या, जनसंख्याको संरचना र प्रजनन दरमा भएका परिवर्तनहरु संक्षिप्त रुपमा प्रस्तुत गरेका छौं ।


पश्चिम चितवनका अध्ययनको लागि छानिएका नमुना टोलहरुमा २०५३ सालमा १६९९ वटा घरधुरी थिए भने २०६५ सालमा यो संख्या बढेर २५६८ वटा पुगेका छन् । यसरी घरधुरीको संख्यामा यति धेरैले बृद्धि हुनुको कारण बसाईसराई गरी चितवन बस्न आउने क्रम जारी रहनु र पहिले संयूक्त परिवारमा बस्दै आउनुभएका व्यक्तिहरु छुट्टिभिन्न भएर नयाँ घरधुरी बनाउनु प्रमुख रहेका छन् । २०५३ सालपछि थपिएका ८६९ घरधुरी मध्ये ३१७ घरधुरी अन्यत्रबाट बसाईसराई गरी आएका हुन भने ५५२ घरधुरी छुट्टिभिन्न भएर बनेका नयाँ घरधुरी हुन । यदि घरधुरी वृद्धिमा कमी नआउने हो भने चितवनको उर्बरा जमिन निकट भविष्यमा नै घना वस्तीका रुपमा परिणत हुने देखिन्छ ।


घरधुरी संख्यामा जस्तै पश्चिम चितवनमा बसोबास गर्ने जनसंख्याको संरचनामा पनि निकै परिवर्तन आएको देखिन्छ । तलका दुई चित्रहरुमा २०५३ साल र २०६५ सालमा पश्चिम चितवनमा बसोबास गर्ने जनसंख्याको संरचना तुलनात्मक रुपमा प्रस्तुत गरिएको छ ।

यी चित्रहरु बुझ्न सजिलो होस भनेर जनसंख्यालाई पाँच वर्षको उमेरसमूहमा छुट्टयाइएको छ । ठाडोतिर पहिलो समूह ० देखि ४ वर्षसम्म, दोस्रो समूह ५ देखि ९ बर्षसम्म गरी विभिन्न समूहहरु बनाइएको छ । तेर्सोतिर रातो भागमा सम्बन्धीत उमेर समूहका महिला र नीलो भागमा पुरुषको संख्या प्रतिशतमा देखाइएको छ ।

यी दुई चित्रलाई तुलना गरेर हेर्दा, सर्वप्रथम, २०५३ सालमा पश्चिम चितवनको जनसंख्यामा महिला र पुरुषको संख्या प्राय:जसो सबै उमेरसमूहमा बराबरी अर्थात् सन्तुलित देखिन्छ । तर करिब १२ वर्षपछि अर्थात २०६५ सालको चित्रमा हेर्दा महिलाको तुलनामा पुरुषको संख्या निकै नै कम देखिन्छ । त्यसमा पनि खास गरेर आर्थिक तथा पारिवारिक दुबै

दृष्टिकोणले अत्यन्तै क्रियाशील तथा उत्पादनशील उमेरसमूह (२५ देखि ४० वर्ष) का पुरुषहरुको प्रतिशत ज्यादै कम देखिन्छ ।





यी दुई चित्रलाई तुलना गरेर हेर्दा, सर्वप्रथम, २०५३ सालमा पश्चिम चितवनको जनसंख्यामा महिला र पुरुषको संख्या प्राय:जसो सबै उमेरसमूहमा बराबरी अर्थात् सन्तुलित देखिन्छ । तर करिब १२ वर्षपछि अर्थात् २०६५ सालको चित्रमा हेर्दा महिलाको तुलनामा पुरुषको संख्या निकै नै कम देखिन्छ । त्यसमा पनि खास गरेर आर्थिक तथा पारिवारिक दुबै दृष्टिकोणले अत्यन्तै क्रियाशील तथा उत्पादनशील उमेरसमूह (२५ देखि ४० वर्ष) का पुरुषहरुको प्रतिशत ज्यादै कम देखिन्छ । यसोहुनुको मुख्य कारण पुरुषहरु रोजगार तथा अध्ययनको लागि वाहिर गएकोले हुन सक्छ । यदि यो क्रम जारी रहेमा भोलिका दिनहरुमा पश्चिम चितवनमा क्रियाशील तथा उत्पादनशील उमेरका मानिसहरुको कमी हुनगई सामाजिक संरचनामा समेत असर पार्न सक्ने देखिन्छ ।

साथै माथिका चित्रहरु दाँजेर हेर्दा २०५३ सालको तुलनामा २०६५ सालमा ० देखि ४ वर्ष उमेर समूहका बच्चाबच्चीको प्रतिशत निकै घटेको देखिन्छ । २०५३ सालमा ० देखि ४ वर्ष उमेर समूहका बच्चाबच्ची दुबै सम्पूर्ण जनसंख्याको ७.७ प्रतिशत भएकोमा २०६५ सालमा त्यो प्रतिशत झण्डै-झण्डै आधाले घटेको देखिन्छ । पश्चिम चितवनमा बालमृत्यु दर क्रमिकरुपमा

सुधार भैरहेको सन्दर्भमा ० देखि ४ वर्ष उमेर समूहका बच्चाबच्चीको प्रतिशतमा आएको कमीले यहाँको जन्मदर पनि घट्दै गएको संकेत गर्दछ ।

## परिवार नियोजन अध्ययन

घरपरिवार सम्बन्धी विभिन्न घटनाहरु जस्तैः बसोबास, वैवाहिक स्थिति, विवाह, पारपाचुके, गर्भधारण, जन्म, मृत्युजस्ता घरपरिवारका सबै सदस्यहरुलाई थाहा हुने घटनाहरुका बारेमा घरधुरी घटनादर्तामार्फत जानकारी सङ्कलन गर्न सकिने भए पनि परिवार नियोजनका साधनहरुको प्रयोग सम्बन्धी जानकारी शारीरिक सम्पर्क गर्ने दम्पती वा साथीलाई मात्र थाहा हुने हुँदा यससम्बन्धी जानकारी व्यक्तिगत अन्तरवार्तामार्फत सङ्कलन गर्दै आएका छौं । यो जानकारी सङ्कलन कार्य २०५३ साल माघ महिनादेखि निरन्तर रुपमा सञ्चालन भैरहेको छ । शुरुका १७ महिनासम्म स्थायी बन्ध्याकरण गर्नु भएका बाहेक १२ वर्षदेखि ४५ वर्षसम्मका महिला र १२ वर्षदेखि माथिका सबै पुरुष उत्तरदाताहरुसँग अन्तरवार्तामार्फत प्रत्येक महिना जानकारी सङ्कलन गरिदै आइएको थियो । उत्तरदाताहरुको सुझावलाई हृदयङ्गम गरी २०५५ सालदेखि यता १८ वष देखि ४५ वर्षसम्म सबै महिला र १८ वर्षदेखि ७० वर्षसम्मका सबै पुरुषहरुसँग प्रत्येक तीन महिनामा एक पटक जानकारी सङ्कलन गरिदै आइएको छ ।





यस प्रकारको जानकारीबाट परिवार नियोजन साधनहरुको प्रयोगमा के-कस्तो परिवर्तन भएको छ भन्नेकुरा अध्ययन गर्न सहज भएको छ । साथै कुनकुन साधनहरु बढी प्रयोगमा आएका छन् भन्ने पनि अध्ययन गर्न सहज भएको छ । यस जानकारीबाट जनसंख्या कार्यक्रमहरुमा कुन समूहका व्यक्तिहरुलाई कस्ता वा कुन किसिमका परिवार नियोजन साधनहरुको प्रवर्धन गर्दा बढी प्रभाकारी हुन्छ भन्ने आँकलन गर्न मद्दत पुग्न सक्छ । माथिको चित्रमा उत्तरदाताहरुमाझ लोकप्रिय वा सबैभन्दा बढी प्रयोग गरिएका मुख्य तीन वटा साधनहरु डिपो सुई, कण्डम (ढाल) र खाने चक्की पिल्सको प्रयोगमा आएको परिवर्तन देखाइएको छ । यस

अनुसार सबै साधनहरुको प्रयोगको दर प्रत्येक वर्ष बढ्दै गएकोमा २०६४ र २०६५ सालमा डिपो सुईको प्रयोगको दरमा थोरैले कमी आएको देखिएको छ ।

## वृद्धवृद्धाहरुको स्वास्थ्य तथा कल्याणको अध्ययन

द्रुतगतिमा परिवर्तन भईरहेका सामाजिक घटनाक्रमहरुले पारीवारिक संरचनामा प्रभाव पार्दछन् । पारिवारिक संरचनामा परेका प्रभावहरुले वृद्धवृद्धाहरुको स्वास्थ्य तथा कल्याणमा पार्ने समस्याहरुका बारेमा जानकारी लिने उद्देश्यले यो अध्ययन संचालन गरिएको थियो । यस अध्ययनमा ४५ वर्षभन्दा माथिका सबै उत्तरदाताहरुसँग शारीरिक स्वास्थ्य, दीर्घ रोगहरु, स्वास्थ्य सेवाको उपलब्धता र उपयोग, जीवनशैली तथा निराशापन जस्ता शारीरिक र मानसिक स्वास्थ्यका सम्बन्धमा महत्वपूर्ण जानकारीहरु सङ्कलन गरिएको थियो ।




यस अध्ययनमा सङ्कलन गरिएको जानकारीको आधारमा वृद्धावस्थामा आईपर्ने मुख्य-मुख्य शारीरिक समस्याहरु माथिको चित्रमा देखाईएको छ । जसअनुसार धेरै जसो उत्तरदाताहरुलाई बुढ्यौलीपन बढ्दै गएपछि शारीरिक अशक्तताका साथसाथै आँखा र ढाडको समस्या परेको पाइयो । जस्तै: ७० प्रतिशत उत्तरदाताले खेतीपातीको काम गर्न अप्ठ्यारो पर्ने जानकारी दिनुभयो भने ६६ प्रतिशत उत्तरदाताले भुईंमा खसेको सियो खोज्न अप्ठ्यारो पर्ने र ६४ प्रतिशत उत्तरदाताले ३० किलोको सामान उचाल्न गाह्रो पर्ने बताउनु भयो ।


## २.२.३ अन्वेषणात्मक अध्ययन र अनुसन्धान

माथि उल्लेखित अध्ययनहरुको शिलशिलामा प्राप्त निचोड तथा अनुभवहरु अध्ययन अध्यापन गर्न र विकास निर्माणका नीति-तर्जुमा र कार्यक्रम कार्यान्वयन गर्न व्यापक रुपमा

प्रयोग हुदै आइरहेका छन् । यसको अलावा ती अध्ययनले सामाजिक तथा भौतिक परिवर्तन र ती परिवर्तनहरुले यहाँका बासिन्दाहरुमा पार्ने प्रभावहरुको बारेमा थप अध्ययन अनुसन्धान गर्न टड्कारो आवश्यकता औंल्याएका छन् । यही आवश्यकता र उपादेयतालाई हृदयङ्गम गरी चितवन उपत्यकाको पारिवारिक अध्ययन संगसँगै विभिन्न अन्वेषणात्मक अध्ययनहरु सञ्चालन गरिएका छन् । यस संस्थाद्वारा सञ्चालित सम्पूर्ण अध्ययन अनुसन्धान कार्यक्रमहरु शैक्षिक तथा व्यवहारिक उपादेयतालाई ध्यानमा राखेर मात्र संचालन गरिन्छ । अत: कुनै पनि विषयमा ठूला-ठूला र विस्तृत अध्ययन शुरु गर्नुपूर्व अनुसन्धान कार्यक्रमहरुका शैक्षिक तथा व्यवहारिक उपादेयता अध्ययन गर्न र अनुसन्धान कार्यक्रमहरु अझ व्यवस्थित तरिकाले सञ्चालन गर्न यस्ता स-साना अन्वेषणात्मक अध्ययन गर्नु एकदमै जरुरी हुन्छ । यिनै महत्वहरुलाई हृदयङ्गम गरी गरिएका विभिन्न अन्वेषणात्मक अध्ययनहरुमध्ये वैवाहिक सम्बन्ध र पारिवारिक परिवर्तन, विचार, अवधारणा र पारिवारिक परिवर्तन अध्ययन, किशोरीहरुमा महिनावारी र शिक्षा, धार्मिक जीवनको अध्ययन, मानसिक तनाव र स्वास्थ्य र एच.आई.भि. एड्ससम्बन्धी अध्ययनहरु प्रमूख रहेका छन् । यस्ता अन्वेषणात्मक अध्ययनहरु नमुना छनौटमा परेका टोलहरुभन्दा बाहिरका क्षेत्रमा गर्ने गरिन्छन् ।

## वैवाहिक सम्बन्ध र पारिवारिक परिवर्तन


हालसम्म सञ्चालित अध्ययनहरुले सामाजिक तथा भौतिक परिवर्तनहरुले पारिवारिक संरचना र सम्बन्धमा पार्न सक्ने प्रभावहरु अझ गहन रुपमा बुझ्न वैवाहिक सम्बन्धको विस्तृत अध्ययन गर्नुपर्ने आवश्यकता देखिएको हुँदा वैवाहिक सम्बन्ध र पारिवारिक परिवर्तन सम्बन्धी अन्वेषणात्मक अध्ययन सञ्चालन गरिएको थियो । वैवाहिक सम्बन्ध र पारिवारिक परिवर्तन अध्ययन गर्न २०६१ सालमा वैवाहिक जीवन, दम्पतीबीचको सम्वन्ध, आपसी सरसल्लाह, प्रतिवद्धता, मनमुटाव, अस्थिरता, वैवाहिक सन्तुष्टि र आकांक्षाको बारेमा जानकारी सङ्कलन गरिएको थियो ।



यस शिलशिलामा विवाहित उत्तरदाताहरुसँग उहाँहरुको वैवाहिक जीवनमा के कुरा महत्वपूर्ण हुन्छ भनेर सोधिएको थियो । उहाँहरुको वैवाहिक जीवनको बाँकी जीवन अहिलेको दम्पतीसँग विताउनु महत्वपूर्ण हुन्छ कि, अन्तिम सम्म अहिलेको दम्पतीसँग जीन्दगी नबिते पनि आफूलाई खुशी राख्नु महत्वपूर्ण हुन्छ कि, छोराछोरीको लागि राम्रो पारिवारिक वातावरण बनाउनु महत्वपूर्ण हुन्छ ? भनेर सोधिएको थियो । जसअनुसार चित्रमा देखाईएजस्तै ६० प्रतिशत जति उत्तरदाताहरुले छोराछोरीको भविष्यलाई पहिलो प्राथमिकतामा राख्नुभएको पाइयो भने, झण्डै ३८ प्रतिशत जति उत्तरदाताहरुले बाँकी जीवन अहिलेको दम्पतीसँग विताउनु महत्वपूर्ण हुन्छ भन्ने कुरालाई पहिलो प्राथमिकतामा राख्नुभएको पाइयो । त्यस्तै १ प्रतिशत भन्दा अलि बढी उत्तरदाताहरुले मात्र अहिले आफूलाई खुशी राख्नु महत्वपूर्ण हुन्छ भन्ने कुरालाई पहिलो प्राथमिकतामा राख्नुभएको पाइएको थियो । यस नतिजाले मानिसहरु आफु खुशी रहनुभन्दा पनि छोराछोरी र परिवारको खुशीलाई बढी महत्व दिएको कुरा देखाएको छ ।


## किशोरीहरुमा महिनावारी र शिक्षा

महिनावारी (रजश्वला) ले अध्ययनरत छात्राहरुको पठनपाठनमा पर्न सक्ने असरको अध्ययन गर्न यो कार्यक्रम सञ्चालन गरिएको थियो । यसमा विषेशगरी महिनावारी हुँदा गरिने व्यवहार जस्तै: बार्नु पर्ने कुरा आदि र महिनावारी हुँदा प्रयोग गरिने साधनको बारेमा जानकारी सङ्कलन गरिएको थियो । यस अध्ययनमा पहिलोपटक महिनावारी भएको बेलामा महिलाहरुले सामाजिक मान्यताअनुसार घरबाट बाहिर छुट्टै बस्नु परेको छ कि छैन र छ भने कति दिन परिवारबाट बाहिर छुट्टै बस्नुभएको थियो साथै यो चलन अघिल्लो पुस्ता र पछिल्लो पुस्ता अथवा आमा र छोरीकोबीचमा कस्तो भिन्नता छ भन्ने बारेमा पनि जानकारी सङ्कलन गरिएको थियो । यस अनुसार चित्रमा देखाइएजस्तै पहिलो पटक महिनावारी हुँदा घरबाहिर छुट्टै बस्ने आमाहरु ५० प्रतिशत जति हुनुभएको र उहाँहरुले औसत ११ दिन जति छुट्टै बस्नुभएको बताउनुभयो भने पछिल्लो पुस्तामा भने पहिलो पटक महिनावारी हुँदा घरबाहिर छुट्टै बस्ने छोरीहरु ४० प्रतिसत जति र उहाँहरु औसत ७ दिन घरबाहिर छुट्टै बस्नुभएको पाइएको थियो । यसरी हेर्दा महिलाहरु महिनाबारी हुँदा घरबाहिर छुट्टै बस्ने दिनमा केही कमी आए तापनि यो चलन अझै पनि कायम रहेको पाइयो ।



## धार्मिक जीवनको अध्ययन


धर्मप्रतिको आस्था, विश्वास, र क्रियाकलापले मानिसहरुको जीवनशैली, पारिवारिक संरचना र सम्बन्धमा पार्ने प्रभावहरुको बारेमा अध्ययन गर्ने उद्देश्यले यो अध्ययन सञ्चालन गरिएको थियो । यस अध्ययनमा धार्मिक विश्वास, पारिवारिक धारणा, धार्मिक क्रियाकलाप र धार्मिक मूल्य र मान्यताका विषयमा जानकारी सङ्कलन गरिएको थियो ।




यसअन्तर्गत उत्तरदाताहरु आफु र आफ्ना सन्तति (छोरा भतिजा) ले धर्म मान्नु कत्तिको महत्वपूर्ण हुन्छ भन्ने प्रश्न सोधिएको थियो । जसअनुसार चित्रमा देखाइएको जस्तै आधाभन्दा बढी उत्तरदाताहरुले दुबै पुस्ताले धर्म मान्नु एकदमै महत्पपूर्ण हुन्छ भन्नुभएको पाइयो ।

## स्वास्थ्य र मानसिक तनाव अध्ययन

सामाजिक, आर्थिक, भौतिक परिवर्तनहरु र दशक लामो सशस्त्र द्वन्द र मानसिक तनाव तथा स्वास्थ्यबीचको सम्बन्ध अध्ययन गर्ने उद्देश्यले यो अध्ययन सञ्चालन गरिएको थियो । यो अध्ययनको लागि विश्व मानसिक स्वास्थ्य अभियानले तयार पारेको प्रश्नावलीलाई नेपालीमा अनुवाद गरी व्यक्तिगत अन्तर्वार्ताद्वारा जानकारी सङ्कलन गरियो । व्यक्तिगत अन्तर्वार्तामा सहभागीमध्ये केही उत्तरदाताहरुलाई मानसिक रोग विशेषज्ञले पुन: अन्तर्वार्ता गरी उक्त प्रश्नावलीको प्रभावकारिताको मूल्यांकन गरिएको थियो ।




यसअन्तर्गत विभिन्न किसिमका मानसिक समस्या तथा रोगहरुको अवस्था, यसको उपचारको लागि उपलब्ध स्वास्थ्य सेवाहरु, सामान्य घरायसी झैझगडादेखि पारिवारिक र

छरछिमेकबीचको सम्वन्ध, सामाजिक र आर्थिक असमानता, कुटपिट, दैवी-प्रकोप, आन्दोलन तथा सशस्त्र द्वन्द आदि घटनाहरुको बारेमा जानकारी सङ्कलन गरिएको थियो ।

यस अध्ययनबाट संकलित तथ्यांकहरु विश्लेषण गर्ने क्रममा नै भएकोले प्रारम्भिक तथ्याङ्क अनुसार यहाँका बासिन्दाहरुले आफ्नो जीवनमा कहिल्यै विभिन्न किसिमका मानसिक समस्या अथवा तनावका घटनाहरु परेका थिए वा व्यहोर्नुभएको थियो भन्ने नतिजा यहाँ देखाइएको छ । चित्रमा देखाईएअनुसार, सबैभन्दा धेरै ६७ प्रतिशत उत्तरदाताहरुले विभिन्न किसिमका शारीरिक आघातका घटनाहरु जस्तैः गाडी वा अन्य किसिमको दुर्घटना, बाढी पहिरो, आगलागीजस्ता दैवी प्रकोप, बम पड्केको, गोली चलेको, हतियार देखाएर वा अन्य किसिमले धम्क्याएको, एम्बुस वा धरापजस्ता मानवद्वारा घटाइएका जोखिमपूर्ण घटनाहरुमा परेको कुरा बताउनुभयो भने, २१ प्रतिशत उत्तरदाताहरुले नरमाईलो लाग्ने, चिन्ता पर्ने र निराश वा दिक्क लाग्ने समस्या परेको, २१ प्रतिशत उत्तरदाताहरुले बिनाकारण मन आत्तिने, डर लाग्ने, मुटु हल्लिने जस्तो मन डराउने समस्या परेको, १७ प्रतिशत जति उत्तरदाताहरुले एक्कासी रिसाउने समस्या परेको, १५ प्रतिशत उत्तरदाताहरुलाई मन डराउने, सास बढ्ने, मरिएला कि जस्तो लाग्ने जस्ता पिर वा चिन्ता पर्ने समस्या परेको र ५ प्रतिशत जति उत्तरदाताहरुलाई बिनाकारण धेरै खुशी वा उत्तेजित हुने समस्या परेको बताउनुभएको पाइयो । यी समस्याहरु उत्तरदाताहरुले आफ्नो जीन्दगीको कुनै समयमा भोग्नुभएको हो । अतः यसको अर्थ त्यति मानिसहरु ती समस्याबाट हाल पीडित छन् भन्नेचाहि होईन ।


## विचार, अवधारणा र पारिवारिक परिवर्तन अध्ययन

मानव जीवनमा भौतिक सरसुविधाका साथैसाथै वैचारिक पक्ष जस्तैः मानिसका विचार, सोचाई, विश्वास, मान्यता र धारणाले पनि त्यतिकै महत्व राख्दछन् । चितवन उपत्यकाको पारिवारिक अध्ययनमा सामाजिक परिवेश, भौतिक सरसुविधा र वैचारिक सबै पक्षलाई समेट्ने प्रयास गरिएको भए तापनि यस अध्ययनबाट सङ्कलित जानकारीलाई विश्लेषण गर्दा आएका निर्ष्कषहरुले वैचारिक पक्षको अझै विस्तृत रुपमा अध्ययन गर्नु पर्ने आवश्यकता औंल्याएअनुसार २०६३ सालमा विकास सम्बन्धी अवधारणा र पारिवारिक परिवर्तन सम्बन्धी अन्वेषणात्मक अध्ययन गरिएको थियो । पछि २०६६ सालमा मानिसका विचारधाराले पारिवारिक जीवनशैलीमा कस्तो असर पार्दछ भन्नेकुराको विस्तृत अध्ययन गर्न विचार, अवधारणा र पारिवारिक परिवर्तन अध्ययन सञ्चालन गरियो । यसभन्दाअघि चितवन उपत्यकाको पारिवारिक अध्ययनअन्तर्गत सङ्कलन गरिएका जानकारीहरुको अधिकतम उपयोग गर्ने उद्देश्यअनुरुप यो अध्ययनमा पनि चितवन उपत्यकाको पारिवारिक अध्ययनका लागि छानिएका १५१ टोलभित्रका घरधुरीमा बसोबास गर्ने मानिसहरु र उहाँहरुका परिवारका सदस्यहरु नै यस अध्ययनको लागि उत्तरदाताहरु हुनुहुन्छ ।

यो अध्ययन चरण-चरणमा सञ्चालन गरिएको छ । प्रथम चरणको कार्यक्रम अन्तर्गत २०६६ साल चितवन उपत्यकाको पारिवारिक अध्ययन पुनः अन्तर्वार्ता र यस अध्ययनको

आधारभुत व्यक्तिगत अन्तरवार्ता सम्पन्न गरियो । यस आधारभूत अन्तरवार्तामा विभिन्न विषयहरु जस्तै सामाजिक मुल्य र मान्यता, घरायसी सरसुविधा, आधुनिक परिवार सम्बन्धी विश्वास, पारीवारिक परिवर्तन सम्बन्धी विश्वास र मान्यता, विकास र पारीवारिक परिवर्तनको अन्तरसम्बन्ध, विकासको नाप, परम्पराबादी तथा नास्तिक मूल्य र मान्यता, स्वतन्त्रता, समानता, भाग्यवाद, शिक्षा र कामको चाहना आदि समेटिएका थिए । समयाभावका कारणले सबै विषयहरु एउटै अन्तर्वार्तामा समावेश गर्न सकिएको थिएन । दोस्रो चरणमा परिवार परिवर्तनका कारण, पारिवारिक सरसुविधा, बिहे गर्ने उमेर तथा परिवारको आकार घटाउने धारणासम्बन्धी विषयहरु समेटिएका छन् ।


तेस्रो चरणअन्तर्गत मानिसहरुका विचार, सोचाई, विश्वास, मान्यता र धारणामा आउने परिवर्तनहरुको निश्चित समयको अन्तरमा आँकलन गर्न पुन: अन्तर्वार्ता लिने काम भैरहेको छ । यो अन्तर्वार्तामा पहिलो र दोस्रो चरणमा सोधिएका प्रश्नहरु तीन भागमा विभाजन गरी प्रत्येक चार महिनाको एक पटक (वर्षमा एक पटक दोहोरिने गरी) जानकारी सङ्कलन गर्दै आईरहेका छौं । यसरी मानिसहरुका विचार, सोचाई, विश्वास, मान्यता र धारणामा आउने परिवर्तनहरुलाई अद्यावधिक गर्दै लैजानु यस अध्ययनको सबैभन्दा सबल तथा सृजनशील/नौलो पक्ष हो । यस अध्ययनको शिलशिलामा संकलित जानकारीहरुको प्रारम्भिक विश्लेषणवाट प्राप्त केही नतिजाहरु तल प्रस्तुत गरेका छौं ।




यस अध्ययनको आधारभूत अन्तर्वार्तामा कुन देश कत्तिको विकास भएको छ भन्ने बारेमा मानिसहरुको विचार बुझ्न शून्यदेखि दश नम्बरसम्मको एउटा नाप बनाइएको थियो । कत्तिपनि विकास नभएको देशलाई शून्य नम्बर, ठिक ठिकै विकास भएको देशलाई पाँच नम्बर र धेरै विकास भएको देशलाई १० नम्बर दिने गरी उत्तरदाताहरुले सम्बन्धीत देशलाई कति नम्बरमा राख्नुहुन्छ भन्ने कुराको जानकारी लिइएको थियो । उदाहरणको लागि तपाईले जापानलाई कति नम्बरमा राख्नुहुन्छ ? भनेर सोधिएको थियो । यसैगरी नेपाललगायत विश्वका १० वटा देशहरुको बारेमा यो जानकारी सङ्कलन गरिएको थियो । तलको चित्रमा उत्तरदाताहरुले दिनुभएको जानकारी र संयुक्त राष्ट्र संघले तयार पारेको मानव विकास सुचाङ्क कत्तिको मिल्दो जुल्दो छ भनी देखाईएको छ ।

चाख लाग्दो कुरा के छ भने उत्तरदाताहरुले दिनुभएको जानकारी र संयुक्त राष्ट्र संघले तयार पारेको मानव विकास सुचाङ्क मिल्दाजुल्दा छन् । उदाहरणको लागि राष्ट्र संघको मापदण्डमा अमेरीका ९.६ मा छ भने उत्तरदाताहरुले ९.१ नम्बर दिनुभएको छ । भारत र


चीनको नम्बर अझ मिल्दोजुल्दो देखिन्छ । तर नेपाललाई भने राष्ट्र संघको ५.५ भन्दा धेरै नै कम अर्थात ३.३ नम्बर दिनुभएको छ । यो नतिजा अनुसार पश्चिम चितवनका उत्तरदाताहरुको विकास सम्बन्धी धारणा संयुक्त राष्ट्र संघको मापदण्डसंग मिल्दोजुल्दो देखिन्छ । यसका साथसाथै पारिवारिक अवस्था र व्यवहारमा भविष्यमा कस्तो परिवर्तन होला भन्ने बारेमा जानकारी सङ्कलन गरिएको




थियो । उदाहरणको लागि माथिको चित्रमा देखाएजस्तै अब आउने २० वर्षमा नेपालमा विवाह हुनु अघि नै लोग्ने स्वास्नी जस्तै गरी बस्ने केटाकेटीहरुको संख्या बढ्ला जस्तो लाग्छ कि, घट्ला जस्तो लाग्छ भनेर सोधिएको प्रश्नमा ८३ प्रतिशत उत्तरदाताहरुले बढ्छ होला भन्ने उत्तर दिनुभएको छ । त्यसैगरी महिलाको विहे गर्ने औसत उमेर, पारपाचुके, परिवारको भन्दा व्यक्तिगत चाहना वा खाँचोलाई धेरै महत्व दिने, विवाह अगाडि नै केटाकेटीसँगै सुत्ने, समलिङ्गी, अन्तरजातीय र विधवा विवाह बढ्ला जस्तो लाग्छ कि घट्ला जस्तो लाग्छ भनेर सोधिएको प्रश्नमा ६० प्रतिशत वा त्यो भन्दा धेरै उत्तरदाताहरुले बढ्छ होला भन्ने उत्तर दिनुभएको छ । तर बिबाहित दम्पती र आमाबाबुसँगै बस्ने र मागी विहे गर्ने क्रम बढ्ला जस्तो लाग्छ कि घट्ला जस्तो लाग्छ भनेर सोधिएको प्रश्नमा भने क्रमश: ७१ र ८७ प्रतिशत उत्तरदाताहरुले घट्छ होला भन्ने उत्तर दिनुभएको छ ।


## वसाईसराई तथा वैदेशिक रोजगार सम्बन्धी अध्ययन

बिगत केहि दशक यता द्रुततर गतिमा भएको जनसंख्या बृद्धि, वातावरणीय ह्रास, सुस्त गतिको विकास, दुर्गम र सुगम तथा धनी र गरिबबीचको गहिरिदो खाडल, आयमूलक रोजगारीको अभाव र दशक लामो सशस्त्र द्वन्दका कारण शान्ति सुरक्षा लगायतका समस्याले नेपालमा आन्तरिक तथा वैदेशिक दुवै किसिमका बसाईसराई अत्यधिक रुपमा बढेको छ । केही समययता, खास गरिकन सशस्त्र द्वन्दकालमा देशको मुख्यत: काम गर्न सक्ने उमेर समूहको कियाशील जनसंख्याको ठूलो हिस्सा रोजगार तथा अध्ययनको क्रममा विदेशिएको छ । यसरी कियाशील जनशक्ति विदेशिने कममा द्वन्दकालपछि पनि खासै कमी आएको देखिदैन । अत: यसरी द्रुततर गतिमा बसाईसराई तथा वैदेशिक रोजगारमा भएको परिवर्तनका कारण र त्यसबाट यहाँको सामाजिक, आर्थिक, भौतिक र वातावरणीय अवस्थाका साथै बासिन्दाका सामाजिक तथा पारिवारिक व्यवहार तथा सम्बन्ध, जीवनशैली, स्वास्थ, शिक्षा तथा जीवन स्तरमा पर्नसक्ने प्रभाव सम्बन्धी अध्ययन गर्ने आशयबाट अभिप्रेरित भएर बसाईसँराई तथा वैदेशिक रोजगार-सम्बन्धी अध्ययन कार्यक्रम सञ्चालन गरिएको छ । यसक्रममा यसभन्दा अघि चितवन उपत्यकाको पारिवारिक अध्ययन र जनसंख्या तथा वातावरण अध्ययन र सशस्त्र द्वन्दसम्बन्धी अध्ययनका कममा संङ्कलित जानकारीहरुको विशलेषण गरी बसाईसराई तथा वैदेशिक रोजगारमा जानुका कारणहरुको अध्ययन गरिएको छ भने बसाईसराई तथा वैदेशिक रोजगारमा जानाले पर्नसक्ने प्रभाव सम्बन्धी अध्ययन गर्न नयाँ जानकारी सङ्कलन गर्ने शिलशिला शुरु भएको छ । यसअन्तर्गत नेपालबाट वैदेशिक रोजगारीको क्रममा खाडी मुलुकमा जानुभएका व्यक्तिहरुबाट पहिलो चरणको जानकारी सङ्कलन गर्ने काम सम्पन्न भैसकेको छ भने अन्य देशमा जानु भएका व्यक्तिहरुबाट जानकारी सङ्कलन गर्ने कार्य पनि तुरुन्तै शुरु हुदै छ ।



हालसम्म गरिएको विश्लेषणअनुसार टोल-छिमेक वरिपरि भएका वातावरणीय विनाश र वातावरणीय अवस्थामा भएको ह्रासबाट आन्तरिक बसाईसराईमा वृद्धि भएको देखिन्छ भने बाह्य बसाईसराई तथा वैदेशिक रोजगारीमा कुनै असर देखिदैन । त्यसैगरी, विभिन्न द्वन्दसम्बन्धी घटनाहरुको भने बसाईसराईमा फरक फरक असर देखिएको छ । जस्तो कि ठूलठूला बम विष्फोट तथा एम्बुसका घटना हुँदा मानिसहरु बाहिर नगई आ-आफ्ना घरघरमा बस्ने गरेको पाइएको छ भने राजनैतिक प्रकृतिका आन्दोलनका कार्यक्रमहरुले भने विदेशिने क्रम बढाउन मद्दत गरेको देखिन्छ ।

बाह्य बसाईसराई तथा वैदेशिक रोजगारी सम्बन्धी अध्ययनमा भने उत्तरदाता विदेश कहिले र किन जानुभएको, वैदेशिक रोजगारीका अवसरहरु प्राप्त गर्ने माध्यमहरु, कामको प्रकृति, तलब सुविधा, विदेशमा बस्दाको आम्दानी, खर्च, बचत, नेपालमा पठाउनु भएको वा आउंदा ल्याउनु भएको नगद तथा जिन्सी र व्यक्तिगत सोचाई, आस्था, धारणा, र व्यवहारसम्बन्धी जानकारी सङ्कलन गर्ने उद्देश्यअनुरुप अध्ययनका लागि छनौटमा परेका १५१ टोलभित्रका ४६४ घरधुरीबाट रोजगारीको शिलशिलामा खाडीमुलुक जानुभएका ५२६ जना उत्तरदाताहरुमध्ये ४८१ जना अर्थात् ९१.४४ प्रतिशत उत्तरदातासंग जानकारी सङ्कलन गरिएको छ ।




यस अध्ययनको अर्को विषेशता भनेको टेलिफोनबाट जानकारी सङ्कलन गर्नु हो । नेपालमा टेलिफोनबाट जानकारी सङ्कलन गरिएको सम्भवत: यो पहिलो कार्यक्रम हो । यो अन्तरवार्ताको औसत अवधि १०० मिनेटको छ । यति लामो अन्तर्वार्ता भएपनि धरैजसो उत्तरदाताहरु खुशी भएर अन्तर्वार्तामा सहभागी हुनु भएको पाइएको थियो । यो कार्यक्रम हालसालै मात्र सम्पन्न भएको र अनुसन्धानकर्ताहरुबाट यसका तथ्याङ्कहरु विश्लेषण गर्ने क्रममा रहेको छ ।

कामको लागि सहज उपलब्धताको आधारमा खाडी मुलुक नेपालीहरुको मुख्य गन्तव्य बनेको पाईन्छ । माथि भनिएका ६ वटा देशहरु मध्ये पनि धेरैजसो उत्तरदाताहरु कतार, साउदी अरब र युएईमा कामको लागि जानुभएको पाइयो । यस अध्ययन अनुसार खाडीमुलुकमा ९२ प्रतिशत उत्तरदाताहरुले सरकारी वा कम्पनीको काम गर्नुभएको पाइएको छ भने बाँकीले व्यक्तिको घरको वा अन्य किसिमको काम गर्नुभएको पाइयो । यी ६ वटा मुलुकहरुमा कामको लागि जानुभएका उत्तरदाताहरुमध्ये ८५ प्रतिशतले मात्रै तलब बाहेक अन्य सुविधाहरु पनि पाउने कुरा बताउनुभयो । यस्तो सुविधा पाउनेहरु मध्ये झण्डै सबैजसो (९७%) उत्तरदाताहरुले बस्ने ठाउँको सुविधा, ७५% ले औषधी उपचारको सुविधा, ६७% ले खानाको सुविधा र थोरै जसो अर्थात ३१% ले स्वास्थ्य तथा जीवन विमाको सुविधा पाउने गरेको देखिएको छ ।


## २.३ वातावरणीय अनुसन्धान कार्यक्रमहरु

दिगो वातावरणीय संरक्षण र पर्यावरणीय सेवामा टेवा पुऱ्याउने उद्देश्यले यस संस्थाले २०५२ सालदेखि नै जनसंख्या र वातावरणबीचको अन्तरसम्बन्धको अध्ययन गर्दै आइरहेको छ । यसअन्तर्गत पश्चिम चितवनमा वनजंङ्गल, घाँसे मैदान तथा सार्वजनिक जमिन र गौचरनहरुमा वनस्पतिको अध्ययन, भू-उपयोग मापन, पिउने पानीमा आर्सेनिकको परीक्षण तथा खेतीपाती सम्बन्धी अध्ययनहरु समय-समयमा गरिएका छन् । यी वाहेक २०६६ सालमा दुर्लभ बाघ-मानवबीचको अन्तरसम्बन्ध तथा वनपैदावारको उपयोग र उपलब्धताको अध्ययन र २०६६/६७ सालमा सामूदायिक वनसम्बन्धी अध्ययन पनि सम्पन्न भईसकेका छन् । हालसम्म सञ्चालित मुख्य-मुख्य वातावरणसम्बन्धी अनुसन्धान कार्यक्रमहरु र त्यसबाट प्राप्त केही नतिजाहरु प्रस्तुत गरिएका छन् ।

### २.३.१ कृषि तथा भू-उपयोगसम्बन्धी अध्ययन

वातावरणीय स्थिति अध्ययनको शिलशिलामा जमिनको उपयोगको बारेमा अध्ययन गर्न २०५२, २०५६ र २०६४ सालमा छनौटमा परेका टोलहरु भित्रका जग्गा नाप-जाँच गरी जमिनको उपयोग र खेतीपाती सम्बन्धी जानकारी सङ्कलन गरिएको छ । यस अध्ययन अनुसार २०५२ सालदेखि २०६४ सालसम्मको जानकारीलाई हेर्दा खेती गर्ने जमिनमा क्रमिक रुपमा कमी हुदै गएको पाइएको छ । छानिएका टोलका समग्र जमिनमध्ये खेती गर्ने जमिन २०५२ सालमा ६८.० प्रतिशत भएकोमा २०५६ सालमा त्यसमा थोरैले मात्र कमी आई ६७.८ प्रतिशत भएको पाइयो । २०६४ सालमा भने अलि धेरै कमी भएर ६५.३ प्रतिशत खेती गर्ने जमिन भएको

पाइएको छ । बढ्दो शहरीकरण, जग्गा-जमिनको खण्डीकरण तथा जनसंख्या वृद्धिदर र अन्य क्षेत्रबाट बसाईसराई गरी आउने घरधुरीका कारण खेती गर्ने जमिन कम हुँदै गएको देखिन्छ ।





बढ्दो घरधुरी तथा जनसंख्याका वावजूद पनि खेतीपाती गर्ने घरधुरी भने घट्दै गएको देखिन्छ । २०५३ सालमा गरिएको अध्ययनमा ८२ प्रतिशत घरधुरीले खेतीपाती गर्ने गरेको पाइएकोमा २०६४ सालमा भने ७६ प्रतिशत घरधुरीले मात्र खेतीपाती गर्ने गरेको पाइयो । यसरी खेतिपाती गर्ने घरधुरीको संख्यामा ६ प्रतिशतले कमी आएको देखिन्छ । यसरी २०६३ सालमा खेतीपाती गर्न छोडेका घरधुरीमा हामीले तपाईको घरपरिवारले खेतीपाती गर्न किन छोड्नुभएको हो भनेर सोधेका थियौं । धेरैजसोले घरमा कामगर्ने मान्छे नभएर खेतीपाती गर्न छोडेको जानकारी दिनुभएको थियो भने अरुले खेतीबाट फाइदा नभएर, खेती भन्दा अर्को राम्रो काम गर्ने मौका पाएर र खेती गर्ने जग्गा नभएर खेतीपाती गर्न छोडेको जानकारी दिनुभएको थियो ।

## २.३.२ वनस्पति अध्ययन

वनस्पति अध्ययन कार्यक्रमअन्तर्गत पश्चिम चितवनमा पर्ने राष्ट्रिय निकुञ्ज तथा सामूदायिक वनहरु, घाँसे मैदान र सार्वजनिक जमिन अनि गौचरनहरुमा वैज्ञानिक पद्धतिद्वारा रुखबिरुवाको अवस्थाको जानकारी सङ्कलन गरिएको छ । पहिलो पटक २०५२ सालमा जुन ठाउँमा गएर रुखबिरुवाको अवश्थाको अध्ययन गरिएको थियो, २०५६ र २०६४ सालमा पनि त्यही ठाँउमा नै गएर त्यही तरिकाले अध्ययन गरिएको थियो । यसरी पटक-पटक एकै ठाँउमा गएर सङ्कलन गरिएको जानकारीले मात्र त्यस ठाउँमा कस्तो परिवर्तन भयो र त्यसले के-के प्रभाव पारेको छ भन्ने कुराको विश्लेषण गर्न सकिन्छ । वनस्पति अध्ययनबाट आएका तथ्याङ्कहरुको विश्लेषणबाट वन-संरक्षण तथा सम्वर्धनमा उपयोगी हुने अत्यन्त महत्वपूर्ण नतिजाहरु आएका छन् ।

## लहरे वनमाराको अतिक्रमण

लहरे वनमारा मध्य तथा दक्षिण अमेरिकाबाट भित्रिएको मिचाहा झार हो । यो लहरेदार




वनस्पति एकदिनमा ३ सेन्टिमिटर सम्म बढ्छ र केही महिनाभित्रमा नै २५ वर्गमिटर सम्मको भू-भागमा फैलिएर त्यहाँका अन्य स्थानीय जातका वनस्पतिहरुलाई असर पुऱ्याँउदछ । यस्ता मिचाहा प्रजातिका वनस्पतिको अतिक्रमणले स्थानीय जातका वनस्पतिहरु विस्थापित मात्र नभई लोप भएर नै गएका पाइएको छ ।


वनजंगलमा लहरे वनमाराको अतिक्रमण


यस संस्थाले वरण्डाभार, चितवन राष्ट्रिय निकुञ्ज र नारायणी नदीकिनारका वन तथा चितवन राष्ट्रिय निकुञ्जको घाँसे मैदान साथै विभिन्न स्थानका सार्वजनिक जमिन र

गौचरनहरुमा  २०५२ र २०५६ सालमा गरेको वनस्पति अध्ययनमा कतैपनि लहरे वनमारा भेटिएको थिएन । तर २०६४ सालमा भने चित्रमा देखाएजस्तै वरण्डाभार वन र राष्ट्रिय निकुञ्जको घाँसे मैदानका १/१ वटा प्लटमा, राष्ट्रिय निकुञ्जको वनमा ११ वटा प्लटमा, नारायणी नदीकिनारका वनमा ३ वटा प्लटमा र सार्वजनिक जमिन अनि गौचरनहरुका १७ वटा प्लटमा लहरे वनमाराले अतिक्रमण गरिसकेको पाइयो ।

हालसम्म लहरे वनमाराको पूर्णनियन्त्रण गर्ने जैविक उपाय पत्ता लगाउन सकिएको छैन । यसका लागि अल्पकालीन तथा दीर्घकालीन अनुसन्धान गर्नु अति आवश्यक देखिएको छ र यस संस्थाले यस कार्यको पहल गरिरहेको छ ।

## गैंडाले खाने रुखबिरुवाको अवस्था

गैंडाले सबैभन्दा बढी खाने घाँस काँस (*Saccharum spontaneum*) हो जुन नदीकिनारका घाँसे मैदानमा पाईन्छ । काँसबाहेक यसले कुटमिरो, भेलर, सिन्दुरे, सिमल, धत्रुङ जातका रुखका पोथ्रा तथा बेर्नाका साथ-साथै धुर्सेली, दहिकाम्ले, असारे र बयर जस्ता बिरुवाहरु पनि (घाँस नपाइने सुख्खा याममा अझ बढी) खाने गर्दछ । गैंडाको लागि अत्यन्त महत्वपूर्ण यस्ता बोटबिरुवाहरु अन्य वनक्षेत्रमा भन्दा चितवन राष्ट्रिय निकुञ्जमा बढी पाइएको छ । तर पनि चित्रमा देखाएजस्तै दहिकाम्ले बाहेक अन्य जातका




रुखबिरुवाहरुको घनत्व क्रमशः घट्दै गएको देखिन्छ । २०५३ सालमा कुटमिरोको घनत्व प्रतिहेक्टर १०००० बिरुवाहरु थिए भने २०६४ सालमा करिब ३० प्रतिशत घटेर प्रतिहेक्टर करिब ७००० बिरुवाहरु मात्र पाइएको थियो । त्यसैगरी भेलर, सिन्दुरे तथा सिमल पनि घटेर प्रतिहेक्टर करिब ५०० बिरुवाहरु मात्र पाइएको थियो । गैंडाले खाने रुखबिरुवाहरुको यसरी नै

मासिदै जाने हो भने गैंडाका लागि विशेष गरी हिंउद याममा खाने घाँसको अभाव हुन सक्दछ । तसर्थ, सम्बन्धीत निकायले एकातिर समयमा नै यस्ता रुखबिरुवाहरुको संरक्षण र वृक्षरोपण गरी घनत्व बढाउनतर्फ लाग्नु पर्दछ भने अर्कोतर्फ स्थानीयस्तरमा चेतनामूलक कार्यक्रम गरी यस्ता रुखबिरुवाहरु घाँसको रुपमा नकाट्न र आफनै खेतबारीमा लगाउन मिल्ने घाँसका बिरुवाहरु वृक्षरोपण गर्न प्रेरित गर्ने कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

## २.३.३ दुर्लभ बाघ-मानव बीचको अन्तरसम्बन्धको अध्ययन

चितवन राष्ट्रिय निकुञ्ज र आसपासका जङ्गलहरु प्राकृतिक स्रोत तथा जैविक विविधताका दृष्टिकोणले अत्यन्त महत्वपूर्ण छन् जहाँ बाघ, गैंडा तथा हात्तीजस्ता दुर्लभ जङ्गली जनावरहरु पाईन्छन् । तर समय-समयमा तिनै वन्यजन्तुहरु नै स्थानीय बासिन्दाहरुका लागि समस्या बन्ने गर्दछन् । हामीले चितवनमा धेरै पहिलेदेखि नै बाघले घरपालुवा जनावर, गाईभैंसी तथा मानिसलाई नै आक्रमण गरेका तथा मारेर पनि खाएका घटनाहरु सुन्दै आइरहेका छौं । बाघबाट हुने यस्ता समस्या समाधान वा न्यूनीकरण गर्न तथा बाघको दिगो संरक्षणमा सहयोग पुर्‍याउन मानव बस्ति नजिकका जंगलमा कस्ता खालका, कति बाघ बस्दछन ? कस्ता खालका बाघहरु, कस्तो अवस्थामा जंगलबाट बाहिर निस्केर आक्रमण गर्दछन ? र स्थानीय बान्दिाहरुको बाघप्रतिको अनूभव तथा अवधारणा के छ त ? भन्ने कुराको अध्ययन गर्नु अत्यन्त आवश्यक पर्दछ । तसर्थ, यस संस्थाले गत वर्ष २०६६ सालमा बाघ-मानवबीचको अन्तरसम्बन्धको अध्ययन सञ्चालन गरेको थियो ।




स्वचालित क्यामराले खिचेका तस्वीरहरु

यस अध्ययनमा नेपाल सरकारअन्तर्गतका वन मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, चितवन राष्ट्रिय निकुञ्ज कार्यालय र जिल्ला वन कार्यालय, भरतपुरबाट अनुमति लिई वनदेवी, वरण्डाभार, नवज्योति, दक्षिणकाली, बाटूलीपोखरी तथा बेलसर मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहसँग सहकार्य गरी यस अध्ययन कार्यक्रमअन्तर्गत चितवन राष्ट्रिय निकुञ्ज र बरण्डाभार मध्यवर्ती वनको उत्तरी सिमानातर्फ करिब ८० ठाउँहरुमा स्वचालित क्यामराहरु राखी

त्यस क्षेत्रमा बस्ने तथा हिंडडुल गर्ने बाघको अध्ययन गरिएको थियो । त्यसैगरी, वनजंगलबाट १ कि. मी. को क्षेत्रभित्र बसोवास गर्नुभएका करिब १0,000 घरधुरीहरुमध्ये वैज्ञानिक पद्धतिबाट ५00 घरधुरीहरु छनौट गरी ती घरधुरीका सदस्यहरुको बाघसम्बन्धी धारणा तथा अनुभवहरुको विषयमा जानकारी सङ्कलन गरिएको थियो ।

जंगलमा राखिएका स्वचालित क्यामराले चितवन राष्ट्रिय निकुञ्जको उत्तरी सिमानातर्फ २0 वटा र बरण्डाभार वन क्षेत्रमा ९ वटा बाघहरु र अरु थुप्रै जातका जंगली जनावरहरुको तस्बिर खिचेको थियो । यसबाट ती क्षेत्रमा बाघको संख्या तथा पुनरुत्पादन प्रक्रिया राम्रो रहेको मान्न सकिन्छ ।




बाघसम्बन्धी धारणा तथा अनुभवहरुको अध्ययन अनुसार धेरैजसो उत्तरदाताहरुले बाघले हानीनोक्सानी गर्ला कि भन्ने चिन्ता नलाग्ने गरेको बताउनुभयो भने बाघले विभिन्न समयमा भेडाबाखा, गाईभैंसी खाने तथा मान्छेलाई नै आक्रमण गर्ने गरेको भए तापनि वनजंगलमा रहेको बाघको संरक्षण गर्नुपर्दछ भन्ने विचार राख्नुभएको देखियो । चित्रमा देखाएजस्तै ८५ प्रतिशत उत्तरदाताहरुले सबै वनजंगलहरुमा बाघको संरक्षण गर्नुपर्दछ भन्ने विचार व्यक्त गर्नुभयो भने, १४ प्रतिशत उत्तरदाताहरुले राष्ट्रिय निकुञ्जमा मात्र बाघको संरक्षण गर्नुपर्दछ भन्ने विचार राख्नुभयो । केवल १ प्रतिशत उत्तरदाताहरुले मात्र बाघको संरक्षण गर्नुहुर्दैन भन्ने विचार राख्नुभयो । यसले पश्चिम चितवनका बासिन्दाहरु बाघ संरक्षणप्रति सचेत हुनुहुन्छ भन्ने देखिन्छ ।

## २.३.४. वनपैदावारको उपयोग र उपलब्धताको अध्ययन

नेपालमा ७५ प्रतिशत उर्जाको आपुर्ति काठ-दाउरा तथा अन्य जैविक स्रोतको उपयोगबाट गरिन्छ । बढ्दो जनसंख्या र घरपरिवारका कारण काठदाउराको उपयोग र माग पनि बढ्दै गइरहेको देखिन्छ । यसै परिप्रेच्छमा स्थानीय बासिन्दाहरुका लागि कति काठदाउराको आवश्यकता पर्दछ ? कस्तो समयमा बढी काठ दाउरा आवश्यकता पर्दछ ? काठ दाउरा कहाँबाट कसरी

सङ्कलन गरिन्छ ? र नजिकको वनजंगलमा काठ दाउराको अवस्था कस्तो छ त ? भन्ने विषयमा जानकारी सङ्कलन गर्नको लागि यो अध्ययन गरिएको थियो । यसको लागि वन मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग सहित चितवन राष्ट्रिय निकुञ्ज कार्यालयबाट अनुमति लिई वनदेवी, वरण्डाभार, नवज्योति, दक्षिणकाली, बाटूलीपोखरी तथा वेलसर मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूसँग सहकार्य गरिएको थियो ।

## काठ दाउराको उपयोग सम्बन्धी अध्ययन

यस अन्तर्गत पहिलो चरणमा जगतपुर र पटिहानी गा. वि. स. का ८० घरधुरीहरुमा काठ दाउराको आवश्यकता, उपयोग र सङ्कलनका विषयमा अन्तरवार्ता लिइएको थियो भने दोस्रो चरणमा तिनै ८० मध्येका ४० घरधुरीहरुमा प्रतिदिन आगो बाल्न चाहिने काठदाउराको तौल (२ हप्तासम्म) लिईएको थियो । यस अध्ययनबाट सबै घरहरुमा खाना पकाउन तथा अन्य प्रयोजनका लागि धेरैजसो काठ दाउराको नै उपयोग गर्ने गरेको देखियो । यसरी आवश्यक पर्ने काठ दाउराहरु नजिकैको वन जंगलबाट सङ्कलन गर्ने, सामुदायिक वनबाट किनेर ल्याउने र धेरै कमले मात्र आफ्नै बारीको रुखबिरुवा पनि प्रयोग गर्ने गरेको पाइयो ।

काठ दाउराको उपयोग सम्बन्धि अन्तरवार्ता लिंदै





खाना पकाउन चाहिने दाउराको तौल लिंदै

## काठ दाउराको उपलब्धता सम्बन्धी अध्ययन

पश्चिम चितवनका बासिन्दाहरुले काठदाउराको लागि उपयोग गर्ने मध्येको एक बरण्डाभार वनको मध्यवर्ती क्षेत्रमा रुख बिरुवा तथा काठ दाउराको विषयमा अध्ययन गरिएको थियो ।


अध्ययन टोली बरण्डाभार वनमा सर्भे गर्दै

तथ्यांकहरुको प्रारम्भिक विश्लेषण अनुसार, बरण्डाभार वनको मध्यवर्ती क्षेत्रका ५८ वटा प्लटहरु मध्ये केवल एउटामा मात्र दाउराको रुपमा प्रयोग गर्न मिल्ने सुकेको काठ पाइयो । यसबाट बरण्डाभार वनको मध्यवर्ती क्षेत्रमा काठदाउराको उपलब्धता अत्यन्त न्यून रहेको देखिन्छ । तर हरिया रुखहरु भने प्रतिहेक्टर २९५ वटाका दरले पाइयो । यसबाट स्थानीय बासिन्दाहरुलाई आगो बाल्न आवश्यक पर्ने काठ दाउराको विकल्पका रुपमा गोवर ग्याँस तथा बिजुलीको उपयोगका लागि प्रोत्साहित गर्नुपर्ने देखिन्छ ।


## २.३.५. सामुदायिक वनसम्बन्धी अध्ययन

सामुदायिक वन कार्यक्रम जैविक विविधता संरक्षण र स्थानीय जीविकोपार्जनमा सुधार ल्याउने एकदमै सफल कार्यक्रमको रुपमा लिईन्छ । पश्चिम चितवनमा भएका सामुदायिक वन उपभोक्ता समूहहरुले पनि वनको व्यवस्थापन, वनपैदावरको बाँडफाँड, स्थानीय जीविकोपार्जन सुधारका कार्यक्रम कसरी गर्दै आएका छन र त्यस्ता क्रियाकलापहरुले वनपैदावारका उपभोग र जैविक विविधतामा कस्तो प्रभाव पारेका छन् त भन्ने विषयमा यो अध्ययन गरिएको थियो । यस अन्तर्गत,


१) भौगोलिक अवस्था मापन (GPS) र भौगोलिक सूचना-प्रणाली (GIS) प्रविधिको प्रयोग गरेर पश्चिम चितवनमा भएका २१ वटा सामुदायिक वनहरुको नक्सांकन गरियो ।

२) प्रत्येक सामुदायिक वन उपभोक्ता समूहका व्यवस्थापन समितिका सदस्यहरुसंग सामूहिक छलफल गरी स्थापनाकालदेखिका वन संरक्षण कार्यक्रमहरुका बारेमा जानकारीहरु सङ्कलन गरियो ।

यस अध्ययनबाट सङ्कलन गरिएका तथ्यांकहरुको पूर्ण विश्लेषण गरी नसकिएको भए तापनि प्रारम्भिक विश्लेषणबाट वन संरक्षण, सामाजिक विकास, आयआर्जन, वैकल्पिक उर्जा प्रबर्धनजस्ता कार्यक्रमहरुका कारण सामुदायिक वनको स्थापना भएपछि संरक्षणका कार्यक्रमहरु प्रभावकारी हुंदै गएको, चोरी शिकारीका घटनाहरु कम भएको धारणा पाइयो । चित्रमा देखाएजस्तै ८ वटा सामुदायिक वन उपभोक्ता समूहका सदस्यहरुले उहाँहरुको सामुदायिक वनको हालको अवस्था एकदमै राम्रो भएको, १२ वटाको राम्रै भएको तर एउटा सामुदायिक वनको हालको अवस्था भने नराम्रो देखिएको बताउनुभयो ।




२०६६ सालको तथ्यांकलाई हेर्दा सामुदायिक वन व्यवस्थापन समितिमा १ देखि १० जनासम्म महिला सदस्यहरु भए तापनि हालसम्म कुनै पनि महिला अध्यक्ष हुनुभएको देखिदैन भने दलित, जनजाति तथा पिछडिएका वर्गहरुको सहभागिता पनि अत्यन्त न्यून देखिन्छ । चित्रमा देखाए जस्तै पश्चिम चितवनका सामुदायिक वन व्यवस्थापन समितिहरुमा केवल २४.५ प्रतिशत मात्र महिलाहरु सदस्य हुनुभएको पाइयो भने जातिगत हिसाबमा हेर्दा जम्मा सदस्य संख्याको १३.९ प्रतिशत दलित र २१.१ प्रतिशत जनजाति र बांकि सबै ६५ प्रतिशत ब्राम्हण क्षेत्रीहरु सदस्य हुनुभएको पाइयो ।



सामुदायिक वन संरक्षण कार्यक्रम सामूहिक र सामाजिक कार्यक्रम भएकोले महिला, दलित र जनजातिहरुको सहभागिता बढाई व्यवस्थापन कार्यमा समानुपातिक प्रतितिधित्व गराउन सकिएको खण्डमा वन संरक्षण अझ बढी प्रभावकारी हुनसक्दछ ।

## ३. उत्तरदाताका जिज्ञासा र तिनका उत्तरहरु

### ३.१. यो कार्यक्रम कहिलेसम्म सञ्चालन गर्नुहुन्छ ? धेरै लामो समय पो भयो त ?

हामीले यो पुस्तिकाको शुरुमा बताए झै सामाजिक तथा वातावरणीय अवस्थामा हुने परिवर्तनहरुको अन्तरसम्बन्ध निरन्तर रुपमा परिवर्तन भै रहन्छ । त्यसैले ती अन्तरसम्बन्धबाट मानव जीवन र वातावरणीय अवस्थामा पर्ने प्रभावका बारेमा गहन अध्ययन गर्न लामो अवधिसम्म निरन्तर रुपमा जानकारी लिईरहनुपर्ने हुन्छ । यस संस्थाबाट सञ्चालित अनुसन्धान कार्यक्रमहरुको मुख्य उद्देश्य सामाजिक तथा वातावरणीय अवस्थामा परिवर्तन र ती परिवर्तनहरुबाट मानव जीवन र जगत्मा पर्न जाने प्रभावका बारेमा अध्ययन गर्नु भएकाले लामो समयसम्म गरिएका अध्ययनबाट निस्केका निचोडहरु बढी वैज्ञानिक, सान्दर्भिक र प्रभावकारी हुन्छन् । तर लामो अवधिका अनुसन्धान कार्यक्रमहरु संचालन गर्न धेरै खर्चिलो र कठिन हुने र तपाईहरुको निरन्तर सहभागीता, सद्भाव, सहयोगी संस्थाहरुको सहयोग र अनुसन्धानकर्ताहरुमा भरपर्ने भएकोले ठ्याक्कै यो समयमा यो अनुसन्धान सकिन्छ भनेर किटान गर्न गाह्रो हुन्छ । एउटा अनुसन्धान तथा विकासमूलक संस्थाको हैसियतले समग्रमा भन्नु पर्दा यस संस्थाले यस्ता किसिमका अनुसन्धान कार्यक्रमहरु निरन्तर रुपमा सञ्चालन गरिरहने लक्ष्य राखेको छ ।

### ३.२. यस कार्यक्रमले हामी जनतालाई के दिन्छ अर्थात यहांका मानिसहरुलाई यसबाट के फाइदा हुन्छ ? अहिलेसम्म केही पनि गर्नु भएको छैन त ?

तपाई वा तपाईजस्ता अन्य सबैलाई तत्काल भौतिक रुपमा प्रत्यक्ष केही फाईदा नभए जस्तो लाग्नु स्वाभाविक मान्न सकिन्छ । तर अप्रत्यक्षरुपमा भने यी अध्ययन अनुसन्धान कार्यक्रमहरुबाट सङ्कलन गरिएका जानकारीहरुको विश्लेषणबाट प्राप्त निचोड, निष्कर्ष र तथ्याङ्कहरु समस्त मानव समाजको दिगो विकास वा कल्याण र वातावरणीय अवस्थाको सुधार र सम्बर्धन गर्न अत्यन्तै महत्वपूर्ण र सहायक सिद्ध हुन्छन् भन्ने हाम्रो विश्वास छ । प्रथमत: पश्चिम चितवनमा द्रुततर गतिमा भैरहेका परिवर्तनहरुका साथै लोपोन्मुख संस्कृति, परम्परागत ज्ञान र सीप, प्राकृतिक सम्पदाको अद्यावधिक अभिलेखीकरण गर्नु एउटा अति महत्वपूर्ण कुरा हो । यसबाट हामीले हाम्रा भावी पुस्ताका लागि उनीहरुको पुर्ख्यौलीका महत्वपूर्ण अनुभव र जानकारी छोडेर जाने छौं । हुन त यो कुरा हालको लागि त्यति महत्वपूर्ण नलाग्न पनि सक्छ । तर अहिले विश्वमा लोप भएर गएका वा लोपोन्मुख अवस्था भएका विश्व सम्पदाका अध्ययनकर्ताहरु र जानकारहरुले भोगीरहेको जानकारीको अभाव नजिकबाट बुझ्नेहरुको लागि भने यस्तो अध्ययन अत्यन्तै महत्पूर्ण छ ।

दोस्रो, विश्वका विकसित, विकासोन्मुख र अल्पविकसित देशहरुको सन्दर्भमा, विकासको प्रक्रियालाई हेर्दा जुन-जुन देशहरुले आफ्नो ऐतिहासिक पृष्ठभूमि, तत्कालीन भू-राजनैतिक, आर्थिक, र सामाजिक अवस्थाको राम्रो अध्ययन अनुसन्धान गरी ती अध्ययन अनुसन्धानका निचोड, निष्कर्ष र तथ्याङ्कहरुमा आधारित विकास नीति-तर्जुमा गरी व्यवस्थित रुपमा विकास कार्यक्रमहरु कार्यान्यन गर्न सफल भए, ती देशहरुले विकासमा अग्रगति लिएको देखिन्छ । तर, हाम्रो देश लगायत जुन जुन देशहरुले आफ्नो ऐतिहासिक पृष्ठभूमि, तत्कालीन भू-राजनैकि, आर्थिक, र सामाजिक अवस्थाको राम्रो अध्ययन अनुसन्धान नै नगरी विकास नीति तर्जुमा तथा विकास कार्यक्रमहरु कार्यान्वयन गरे, ती देशहरुले भने खासै विकासको गति लिन सकेका छैनन् । अतः यस संस्थाद्वारा सञ्चालित अध्ययन अनुसन्धान कार्यक्रमले पश्चिम चितवनको ऐतिहासिक पृष्ठभूमि, भू-राजनैकि, आर्थिक, र सामाजिक अवस्थाको बिश्लेषण गरी यहाँका समस्या, चुनौती र विकासका सम्भवनाहरुको पहिचान गरी प्रभावकारी सामाजिक विकास नीति तर्जुमा र कार्यक्रमहरु सञ्चालन गर्न सहयोग पुग्ने छ । यसको अलवा राष्ट्रिय स्तरमा अनुसन्धानका निचोड, निष्कर्ष र तथ्याङ्कहरुमा आधारित विकास नीती-तर्जुमा र कार्यक्रम कार्यान्यन गर्ने पद्धतिलाई संस्थागत गर्न पनि सहायक सिद्ध हुने विश्वास लिएका छौं ।

तेस्रो, देश विकासको लागि स्थानीय वस्तुस्थितिको ज्ञान भएको दक्ष जनशक्ति एकदम जरुरी हुन्छ । तर, हाम्रो जस्तो कम विकसित र गरिब मुलुकहरुमा भने अध्ययन अनुसन्धानको अभावले गर्दा बिकसित, धनी वा भिन्न पृष्ठभूमि भएका देश वा ठाउँहरुमा गरिएका अनुसन्धानका पद्दति, निचोड, निष्कर्ष र तथ्याङ्कहरुमा आधारित पाठ्यक्रमहरुको अध्यापन गराईन्छ । फलस्वरुप स्थानीय वस्तुस्थितिको ज्ञान भएको दक्ष जनशक्ति तयार हुनुको सट्टा भिन्न पृष्ठभूमिको लागि उपयुक्त अनुसन्धान पद्धति र अनुसन्धानका निचोड, निष्कर्ष र तथ्याङ्कहरुमा तालिम प्राप्त जनशक्ति उत्पादन भैरहेको छ । अतः यस संस्थाद्वारा सञ्चालित अध्ययन अनुसन्धान कार्यक्रमहरुबाट प्राप्त ज्ञान र सीपको अध्ययन अध्यापन मार्फत स्थानिय वस्तुस्थितीको ज्ञान र सीप भएको दक्ष जनशक्ति उत्पादनमा केही हदसम्म भए पनि सहयोग पुग्ने छ भन्ने विश्वास लिएका छौं । यसक्रममा हाल सम्म अनुसन्धानमा अपनाइएका अनुसन्धान पद्धति, प्राप्त तथ्याङ्कको विश्लेषणमा आधारित वैज्ञानिक पत्रपत्रिकामा प्रकाशित लेख, रचना तथा पुस्तकहरुको अध्ययन अध्यापनबाट पनि निकै उत्तसाहित भएका छौं । साथै विकसित वा धनी देशमा गरिएका अनुसन्धान पद्धति, निचोड, निष्कर्ष र तथ्याङ्कहरु भन्दा हामीले यहाँ अपनाएका वा यहाँका अनुसन्धानका निचोड, निष्कर्ष र तथ्याङ्कहरु हाम्रो जस्तै पृष्ठभूमि भएका देश वा ठाउँहरुमा बढी उपयुक्त र सान्दर्भिक हुने पनि विश्वास लिएका छौं ।

अन्तमा, यी अनुसन्धान कार्यक्रमहरुले नेपाल तथा अन्य मुलूकका सामाजशास्त्री र वातावरणविद्वहरुलाई अनुसन्धान पद्धति सम्बन्धी तालिम लिन, तालिम क्षेत्र र स्रोतसामग्रीको भूमिका निर्वाह गर्ने विश्वास लिएका छौं ।

## ३.३. तपाईले म/ हामीसँग मात्र किन जानकारी लिनुहुन्छ, अरुसँग किन सोध्नुहुन्न ? पटक पटक किन हामीले मात्रै जानकारी दिनुपर्ने ?

प्रथमतः कुनै पनि उच्च गुणस्तरीय अध्ययन अनुसन्धान गर्न अध्ययन क्षेत्रभित्रका सबै जातजाति, भाषा, वर्ग, लिङ्ग, र भौगोलिक क्षेत्रको समानुपाकि प्रतिनिधित्व हुने गरी वैज्ञानिक विधिद्वारा नमूना छनौट गर्नुपर्ने हुन्छ । अतः हाम्रो अध्ययनक्षेत्र पश्चिम चितवनबाट सबै जातजाति, भाषा, वर्ग, लिङ्ग, र भौगोलिक क्षेत्रको समानुपातिक प्रतिनिधित्व हुने गरी नमुना छनौट गर्दा तपाईको टोल, घर, परिवार र तपाई हाम्रो अध्ययनको नमुनामा पर्नुभयो । त्यसैले तपाईसँग मात्र वा तपाईको घर परिवारबाट मात्र जानकारी लिन्छौं ।

एउटै टोल, घरधुरी वा व्यक्तिसँग एक पटक मात्र जानकारी सङ्कलन गर्ने कि पटक पटक जानकारी सङ्कलन गर्ने भन्ने कुरा अध्ययनको उद्देश्यमा निर्भर पर्दछ । जस्तो कि कुनै अध्ययनको उद्देश्य तत्कालको स्थिति मात्र जान्नु छ भने एक पटक मात्र जानकारी लिए पनि पुग्छ । तर यस पुस्तिकाको पहिलो भागमा बताईए झैं द्रुततर गतिमा भैरहेका परिवर्तनहरुको अभिलेखीकरण गर्न र ती परिवर्तनहरुको प्रभावको अध्ययन गर्न र अध्ययनको लागि नमुना छनौटमा परेका एकै अध्ययन एकाइहरु जस्तै टोल, घरधुरी, व्यक्ति वा वन तथा साझा जमिनका प्लटवाट पटक पटक जानकारी लिईराख्नु पर्ने हुन्छ । एक पटक एउटा टोल, घरधुरी वा व्यक्तिबाट र अर्को पटक अर्कै टोल, घरधुरी वा व्यक्तिबाट जानकारी लिइयो भने सोही अध्ययन इकाईमा परिवर्तन भएको छ कि छैन भन्ने कुरा नाप्न र त्यो परिवर्तनबाट के-कस्तो प्रभाव परेको छ त भन्ने कुरा अध्ययन गर्न सकिंदैन । त्यसैले यस संस्थाबाट सञ्चालित अनुसन्धान कार्यक्रमहरुको उद्देश्य पश्चिम चितवनमा भईरहेका सामाजिक, आर्थिक, भौतिक तथा वातावरणीय अवस्थाको परिवर्तनहरुको अभिलेखीकरण गर्ने र ती परिवर्तनहरुबाट मानव जीवन र वातावरणमा पर्ने प्रभावका बारेमा अध्ययन गर्ने भएकोले हामीले नमुना छनौटमा परेका वन तथा साझा जमिनका प्लट, टोल, घरधुरी वा व्यक्ति अर्थात् तपाईसंग नै पटक पटक जानकारी सङ्कलन गरिरहेका छौं ।

## ३.४. तपाईंहरु घरको सवैजनासंग किन जानकारी लिनुहुन्छ ? एकजनासंग लिए हुन्न ?

फेरि पनि कहाँ वा कोसँग जानकारी लिने भन्ने कुरा अध्ययनको उद्देश्यअनुरुप हुन्छ । हामीले माथिउल्लेख गरेअनुसार यस संस्थाद्वारा संचालित अध्ययन अनुसन्धान कार्यक्रमहरुको उद्देश्य पश्चिम चितवनमा द्रुततर गतिमा भैरहेका सामाजिक, आर्थिक, भौतिक, तथा वातावरणीय परिवर्तनहरुबाट यहाँका बासिन्दाहरुको जीवनशैली, रीतिरिवाज, रहनसहन, व्यवहार, सोचाई,

विचार, आकांक्षा, चिन्तन र पारिवारिक संरचना तथा सम्बन्धमा के-कस्तो प्रभाव परेको छ भन्ने अध्ययन गर्नु हो । यी विषयहरुमा गहन अध्ययन गर्नका लागि एक घर वा एक टोलबाट एक दुई जनासँग मात्र जानकारी लिएर प्रर्याप्त हुदैन । उदाहरणको लागि आमाबुबा र छोराछोरीबीचको सम्बन्धका बारेमा अध्ययन गर्न आमाबुबा र छोराछोरी सबैसंग जानकारी लिनै पर्ने हुन्छ । त्यसैगरी, श्रीमान श्रीमती, दाजुभाइ, दिदीबहिनी, हजुरआमा हजुरबुबा र नातिनातिनाबीचको सम्बन्धको अध्ययन गर्न उहाँहरु सबैसंग जानकारी सङ्कलन गर्नुपर्ने हुन्छ । तसर्थ, अध्ययनको उद्देश्यअनुसार हामीले घरपरिवारका उमेर पुगेका सम्पूर्ण सदस्यहरुबाट जानकारी लिनु परेको हो । मानिसहरुको जीवनशैली, रीतिरिवाज, रहनसहन, व्यवहार, सोचाई, विचार, आकंक्षा, चिन्तन र पारिवारिक संरचना तथा सम्बन्धमा सामाजिक परिवेशको पनि महत्वपूर्ण भूमिका हुने हुंदा घर परिवारका सदस्यहरुबाहेक छिमेकी र छरछिमेकका सरसुविधाहरुका बारेमा समेत विस्तृत जानकारी सङ्कलन गरिरहेका छौं ।

## ३.५. अध्ययन क्षेत्र कसरी छान्नु भयो र किन सबै समेट्नु भएन ?

सामाजिक र वातावरणीय अवस्थाको परिवर्तनको अभिलेखीकरण र ती परिवर्तनहरुको मानव जाति र वातावरणीय क्षेत्रमा पर्न सक्ने प्रभावहरु अध्ययन गर्न पश्चिम चितवनलाई अध्ययन क्षेत्रको रुपमा छानिनुमा प्रमुख चार वटा कारणहरु छन् । पहिलो, तुलनात्मक हिसाबले नयाँ वस्ती भएको हुंदा अध्ययनको उद्देश्य अनुरुप बसोबासको लागि खुलेदेखिकै सामाजिक र वातावरणीय परिवर्तनको अभिलेखीकरण सहज हुनु । दोस्रो, अरु जिल्ला वा ठाँउको तुलनामा बिविध जातजाति, भाषा र वर्गका मानिसहरुको वासस्थान हुनु । तेस्रो, सामाजिक र वातावरणीय अवस्थामा परिवर्तन द्रुततर गतिमा हुनु र चौथो, भौगोलिक हिसाबले पनि प्राकृतिक सिमाना जस्तै: उत्तरमा नारायणी नदी, दक्षिणमा चितवन राष्ट्रिय निकुञ्ज, पूर्वमा पूर्व-पश्चिम राजमार्ग र पश्चिममा राप्ती नदीले छुट्टयाइएकाले पनि अध्ययन क्षेत्र छुट्टयाउन सहज हुनु हो ।

अनुसन्धान कार्यक्रमलाई बढी व्यवस्थित तथा वैज्ञानिक ढङ्गले सञ्चालन गर्न यिनै चारकिल्ला भित्रका १२ वटा गा.बि.स. र भरतपुर नगरपालिकाको राजमार्गभन्दा दक्षिण-पश्चिम पट्टिको भागलाई अध्ययन स्थलको रुपमा छानिएको छ । अध्ययनमा सबै भौगोलिक क्षेत्र तथा विभिन्न जातजाती, वर्ग, लिङ्ग र स्तरका समुदायको उचित प्रतिनिधित्व गराउन विभिन्न सर सुविधाहरु जस्तै बाटोघाटो, बजार, स्कुल, स्वास्थ्यसेवा, रोजगारीका अवसरहरु आदिको तुलनात्मक उपलब्धताको आधारमा उपरोक्त चार किल्लाभित्रको भू-भागलाई तीन खण्डमा छुट्टयाईको छ । प्रथम खण्ड क्षेत्र नारायणघाट वा भरतपुर- जहाँ धेरैजसो सरसुविधाहरु नजिकै उपलब्ध हुन्छन् । भने तेस्रो खण्ड नारायणघाट वा भरतपुरबाट टाढा पर्दछ जहाँ सरसुविधाहरु कम मात्र उपलब्ध हुन्छन् । दोस्रो खण्ड भने प्रथम खण्ड र तेस्रो खण्डको बीच भागमा पर्दछ ।

२०४८ सालको जनगणनालाई आधार मानी प्रत्येक खण्ड वा क्षेत्रबाट दश दश वटा बस्तीहरु बैज्ञानिक तरिकाबाट छनौट गरिएको छ । छनौटमा परेका प्रत्येक वस्तीहरुलाई फेरि ५ देखि १५ घरभएका स-साना टोल (छरछिमेक) मा छुट्टयाई नक्सा तयार पारी प्रत्येक वस्तीबाट ४ वटा देखि ८ वटा टोल (छरछिमेक) हरुको छनौट गरिएको छ । यो अनुसन्धानलाई यथाशक्य प्रभावकारी बनाउन यस्तो वैज्ञानिक पद्धतिद्वारा टोल (छरछिमेक) हरुको छनौट गरिएको हो । यसरी नमुना छनौट गर्दा सबै तह तप्काका मानिस र उहाँहरुको विचारको उचित प्रतिनिधित्व हुने र कार्यक्रम संचालन गर्नपनि सहज हुने वैज्ञानिक मान्यता छ । साधारणतया वैज्ञानिक अनुसन्धानहरु धेरै खर्चिला र समय लिने भएकोले सबैलाई समेटी जानकारी सङ्कलन गर्न सम्भव हुदैन र नमुना छनौटबाट गर्ने गरिन्छ । वैज्ञानिक ढंगले नमुना छनौट गरिएमा कम खर्च र थोरै समयमा सबैलाई प्रतिनिधित्व गर्ने जानकारी सङ्कलन गर्न सकिने मान्यताअनुरुप हामीले पनि नमुना छनौट पद्धति नै अबलम्बन गरेका छौं ।

## ३.६. अन्तरवार्ता पनि कति लामो त ?

अन्तरवार्तामा कस्ता प्रश्नहरु सोध्ने वा कति वटा प्रश्नहरु सोध्ने भन्नेकुरा अध्ययनको उद्देश्यमा भर पर्दछ । अन्तरवार्ता लिंदा उत्तरदाताको अमुल्य समयलाई ध्यान दिनुका साथै लामो समय लगाएर अन्तरवार्ता लिदा उत्तरदाताले दिनुहुने उत्तरको गुणस्तरमा समेत प्रभाव पर्न सक्छ भन्ने कुरामा समेत हामी अत्यतै सचेत रहन्छौं । तसर्थ, अन्तरवार्ता सकेसम्म छोटो बनाउन प्रयत्नरत पनि छौं । त्यति हुंदाहुंदै पनि कहिलेकाँही एकै पटक अलि धेरै जानकारी सङ्कलन गर्नु पर्ने हुन्छ र अन्तरवार्ताले अलि लामो समय लिने हुन्छ । तर त्यस्ता लामा अन्तरवार्ताहरु पटक पटक नगरी निश्चित समयावधिमा मात्र गरिन्छ वा यस्ता लामा खालका अन्तवार्ताहरु एक पटक लिएपछि फेरि धेरै लामो समय सम्म लिईदैन र निरन्तर संचालन भै रहने अन्तर्वार्ताहरु भने त्यति लामा हुदैनन् । साथै अन्तर्वार्ता लिंदा सकेसम्म यहाँहरुको अमूल्य समयको विचार गरी यहाँहरुको फुर्सदको समयमा मात्रै जानकारी लिईन्छ । अर्थात लामो वा छोटो जस्तो खालको अन्तवार्ता भएपनि यहांले दिनुभएको समयमा मात्रै जानकारी लिनु यो संस्थाको अति नै महत्वपूर्ण मान्यता हो ।

## ३.७. एउटै प्रश्नहरु किन घरि घरि दोहोऱ्याउनु हुन्छ ?

हो तपाईले भन्नु भए जस्तै केही प्रश्नहरु केहिसमयको अन्तरमा दोहोऱ्याई रहन्छौं । तपाईको मनमा किन यसो गरेको होला भन्ने प्रश्न उठ्नू स्वाभाविक हो । पहिले भनेजस्तै द्रुतगतिमा भईरहेका सामाजिक, आर्थिक, शैक्षिक, भौतिक र वातावरणीय परिवर्तनहरुका कारण

मानिसहरुका विचार पनि निरन्तर रुपमा परिवर्तन भईरहेको हुनसक्छन् । ती विचारमा आएका परिवर्तनको कारणले मानिसहरुको दैनिक क्रियाकलाप, जीवनशैली र व्यवहारहरुमा असर परिरहेको हुनसक्छ । अत: मानिसको विचार कसरी कति छिटो-छिटो परिवर्तन हुदोरहेछ भन्ने कुरा थाहा पाउनको लागि एकै किसिमका प्रश्नहरु समय समयको अन्तरमा दोहोऱ्याइ रहनु पर्ने हुन्छ । यसरी जानकारी सङ्कलन गर्दा पहिलो जानकारी र पछिल्लो जानकारीमा भएको भिन्नताको आधारमा विचारमा भएको परिवर्तनलाई आंकलन गर्न सकिन्छ । तिनै उद्देश्य प्राप्तिको लागि यसो गरिएको हो ।

### ३.८. यी तथ्याङ्क तथा जानकारीहरु लिईसकेपछि के गर्नुहुन्छ ?

यी तथ्याङ्कहरु तथा जानकारीहरु शैक्षिक उद्देश्यका लागि सङ्कलन गरिएका हुन् । सङ्कलन गरिएका तथ्याङ्क तथा जानकारीहरु यस संस्थाको कार्यालयमा सङ्केतहरुको माध्यमबाट उत्तरदाताको व्यक्तिगत पहिचान नखुल्नेगरी कम्प्यूटरमा पञ्जीकरण गरिन्छन वा राखिन्छन् । यसरी तयार पारिएका तथ्याङ्क तथा सूचनाहरुको वैज्ञानिक वा अनुसन्धानकर्ताहरुले विश्लेषण गरी पठनपाठनमा उपयोग गर्दछन् साथै, अध्ययनबाट निस्केका नतिजाहरु राष्ट्रिय तथा अन्तरराष्ट्रिय सभा, सम्मेलन, गोष्ठीहरुमा कार्यपत्रका रुपमा प्रस्तुत गर्नुका साथै वैज्ञानिक पत्रपत्रिका, जर्नल र पुस्तकमा प्रकाशन गरी विभिन्न विश्वविद्यालयहरुमा पठन पाठनमा प्रयोग गरिनुका साथै विकास नीति निर्माण तथा योजना तर्जुमा गर्नको लागि पनि उपयोग गरिन्छन् । समग्रमा हामीले सङ्कलन गरेका व्यक्तिगत विवरण, तथ्याङ्क तथा सूचनाहरु अत्यन्त गोप्य राखिनुका साथै शैक्षिक उद्देश्य, नीति निर्माण तथा योजना तर्जूमाको लागि एकदमै महत्वपूर्ण हुन्छन् र तिनै उद्देश्यका लागि मात्र प्रयोग गरिन्छन् ।

### ३.९. तपाई यस्ता नसुहाउँदा र काम नलाग्ने प्रश्नहरु किन सोध्नुहुन्छ ?

माथि भनेजस्तै हाम्रो अध्ययनको लागि सबै किसिमका जस्तै: महिला पुरुष, धनी गरिब, शिक्षित अशिक्षित, विभिन्न जातजाती, धर्म, उमेर समुहका मानिसहरुको प्रतिनिधित्व हुने गरी टोल, घर परिवार र व्यक्तिलाई वैज्ञानिक ढंगले नमुना छनौट गरिएको छ । वैज्ञानिक तथा उच्चगुणस्तरयूक्त अनुसन्धानको लागि छनौटमा पर्नुभएका सबै मानिसहरुसंग एउटै खालको प्रश्नहरु सोध्नु पर्ने हुन्छ । जसले गर्दा कुनै कुनै प्रश्नहरु तपाईको लागि अव्यावहारिक, नसुहाउंदो र काम नलाग्ने जस्तो लाग्न पनि सक्छन् । फेरि, फरक फरक उत्तरदातालाई फरक फरक प्रश्न सोध्ने हो भने त्यसबाट आएको तथ्याङ्कलाई एक ठाउँमा राखेर विश्लेषण गर्न पनि सकिदैन । त्यसबाट आएको नतिजाबाट कुनैपनि किसिमको निर्क्यौल निस्कदैन र अध्ययन गर्नुको

कुनै अर्थ हुदैन । त्यसैले गुणस्तरीय अध्ययनको नियमानुसार हामीले सबै जनालाई एउटै खालका प्रश्नहरु सोध्नु पर्ने भएकोले तपाईलाई पनि यी प्रश्नहरु सोधिएको हो ।

**३.१०. म आफ्नो व्यक्तिगत जानकारी दिन्न ।**

यस सर्भेक्षण वा अध्ययनमा सहभागी बनेर आफु र आफ्नो परिवार वा अन्य कुनैपनि जानकारी दिने नदिने कुरा तपाईको आफ्नो स्वेच्छाको कुरा हो । हाम्रो यो अन्तरवार्ता पूर्णतया स्वेच्छिक छ । यस अन्तरवार्ताका सबै वा तपाईलाई इच्छा नलागेका केही प्रश्नहरुको मात्र जवाफ नदिन पनि सक्नुहुन्छ । हामीले तपाई जस्तै अरु धेरै मानिसहरुसंग पनि यो अन्तरवार्ता लिएका छौं । सबैजसो उत्तरदाताहरुले आफुले दिएको जानकारीको उपादेयता पठन पाठन तथा देशको निति निर्माणकार्यमा ज्यादै महत्वपूर्ण हुने ठानी सबै प्रश्नहरु चाखलाग्दो तरीकाले सुन्दै जानकारी दिनुभएको छ । कतिपय उत्तरदाताहरुले त यस अन्तरवार्तालाई आफुले देखेका, जानेका र भोगेका कुराहरु एकआपसमा आदान प्रदान गर्ने मौकाको रुपमा लिदै आफुले दिएको जानकारीले पश्चिम चितवनको पहिचानमा मद्दत पुर्‍याएको ठानी गर्व गर्नुभएको पनि पाएका छौं । तपाईले जानकारी नदिन सक्नुहुन्छ । तर यसो गर्दा तपाईले आफ्नो महत्वपूर्ण विचार तथा अनुभव दिनबाट आफैलाई बञ्चित गराउनुभएको छ र यसो गर्दा तपाईको विचारको प्रतिनिधित्व नहुन सक्छ । त्यसकारण यहांलाई पनि यस अध्ययनमा सहभागी भई आफ्नो जानकारी दिनुभई यस अनुसन्धान सफल पार्न सहयोग गर्नुहुन अनुरोध गर्दछौ ।

**३.११. यो संस्थाले अध्ययन अनुसन्धान मात्र होईन, विकासको कार्यक्रमहरु पनि गर्नु पर्‍यो नी ?**

तपाईहरुको विचारप्रति हाम्रो पूर्ण समर्थन छ । तर पनि यस संस्थाको मूख्य उद्देश्य अध्ययन र अनुसन्धान भएको कुरा पून: दोहोर्‍याउन चाहन्छौं । साथै गुणस्तरयुक्त अनुसन्धानमा आधारित विकास कार्यक्रम पनि सञ्चालन गर्ने हाम्रो अर्को उद्देश्य हो । यहाँहरुलाई अवगत भएकै कुरा हो अनुसन्धानबाट निस्केको नतिजाहरुलाई हामीले विकास निर्माणका लागि काम गर्ने विभिन्न सरकारी तथा गैह्रसरकारी संस्थाहरुमा उपलब्ध गराउँदै आईरहेका छौं । यसैक्रममा विभिन्न सरकारी तथा गैह्रसरकारी संस्थाहरुसंग पैरवी गरी अनुसन्धानबाट निस्केका नतिजाहरुको आधारमा दिगो विकासका कार्यक्रमहरुको योजना निर्माणमा सहयोग गर्ने पनि लक्ष्य लिईएको छ र हामी यही लक्ष्यअनुरुप सम्वन्धित संघसंस्था र व्यक्तिहरुसंग समय र आवश्यकता अनुसार साझेदारी गरी कामहरु गर्दछौं । यसको अलावा संस्था आफैले पनि सानातिना विकास तथा चेततामुलक कार्यक्रमहरु समूदाय सम्म पुर्‍याउंदै आईरहेको छ भने यसलाई अझ प्रभावकारी बनाउन प्रयासरत पनि छ । यी सबैकुरा यो सानो पुस्तिकामा समेट्न सम्भव नभएकोले यसमा प्रस्तुत गरेका छैनौं ।

**३.१२. अध्ययनको उद्देश्य तथा त्यसका नतिजाहरुको बारेमा उत्तरदाताहरुलाई समयमा नै जानकारी किन गराइदैन** ?

यस संस्थाद्वारा संचालित कार्यक्रमहरुका बारेमा सयम समयमा उत्तरदाताहरुलाई सु-सूचित गराउदै लैजाने हाम्रो प्रयास निरन्तर जारी छ । यसैक्रममा हालसम्म पटक पटक संस्थाले गरेका अध्ययन र अध्ययनबाट निस्केका प्रारम्भिक नतिजाहरुको बारेमा उत्तरदाता पुस्तिका प्रकाशित गरि उपलव्ध गराईसकेका पनि छौं । सायद तपाईले पढ्नु पनि भएको होला । यसबाहेक हाम्रो धेरै जसो लेख रचनाहरु अंग्रेजी भाषामा प्रकाशित हुने भएकोले यस्ता लेख रचनाहरु सबै उत्तरदाताहरुलाई दिईएको छैन । तर अग्रेंजी पढ्न सक्ने र ईच्छुक उत्तरदाताहरुले माग गर्नु भएको खण्डमा जुनसुकै बेलामा पनि उपलब्ध गराउदै आइरहेका छौं । उत्तरदाताहरुलाई अध्ययन र अध्ययनबाट निस्केका नतिजाहरुको बारेमा समयानुसार सु-सुचित गराउदै लैजाने हाम्रो प्रयास अनुरुप नै यो **अनुसन्धान गतिविधि २०६७** लिएर प्रस्तुत भएका छौं । यस पुस्तिकाले तपाईहरुका जिज्ञासाहरु समेट्न सफल हुने छ भन्ने आशा लिएका छौं ।

**सम्पर्क ठेगाना**

**सामाजिक तथा वातावरणीय अनुसन्धान संस्था-नेपाल (आइएसईआर-नेपाल)**

**फूलवारी, चितवन**

पोष्ट बक्स नं.: ५७, भरतपुर, चितवन

फोन नं.: ०५६-५९१०५४, ०५६-५९२४०६, ०५६-५९२४०७

ईमेल : iser@wlink.com.np

वेब: htpp://www.isernepal.org.np